# कक्षा सातको नेपाली पाठ्यपुस्तकको नमुना पाठ निर्माण

धर्मानन्द पन्त
परीक्षा क्रमाङ्क : २८२०९४/२०७०
त्रि. वि. दर्ता नं. : ९-२-६०-१०-२००७

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत
स्नातकोत्तर (एम.एड्) तह द्वितीय वर्षको नेपा.शि. ५९८ पाठ्यांशको
प्रयोजनार्थ प्रस्तुत

## शोधपत्र

२०७१/**2015**

नेपाली भाषा शिक्षा विभाग
विश्वविद्यालय क्याम्पस, कीर्तिपुर

# निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर (एम.एड.) तह नेपा.शि. ५९८ को पाठ्यांशको प्रयोजनका लागि प्रस्तुत **कक्षा सातको नेपाली पाठ्यपुस्तकको नमुना पाठ निर्माण** शीर्षकको यो शोधपत्र श्री धर्मानन्द पन्तले मेरा निर्देशनमा अत्यन्त मिहिनेत र परिश्रमपूर्वक तयार पार्नुभएको हो । प्रस्तुत शोधपत्रबाट म सन्तुष्ट भएकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

............................................

प्रा.डा. पारसमणि भण्डारी

शोध निर्देशक

नेपाली भाषा शिक्षा विभाग

शिक्षाशास्त्र सङ्काय

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

मितिः २०७१/१०/०५

सन : २०१५/०१/१९

**त्रिभुवन विश्वविद्यालय**
**शिक्षा शास्त्र सङ्काय**
**नेपाली भाषा शिक्षा विभाग**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, विश्वविद्यालय क्याम्पस, कीर्तिपुरका छात्र श्री धर्मानन्द पन्तले तयार पार्नुभएको **कक्षा सातको नेपाली पाठ्यपुस्तकको नमुना पाठ निर्माण** शीर्षकको यो शोधपत्र स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

| क.स. | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | प्रा.डा. रामनाथ ओझा (विभागीय प्रमुख) | ................................ |
| २. | प्रा.डा. पारसमणि भण्डारी (शोध निर्देशक) | ................................ |
| ३. | प्रा. महेश्वर न्यौपाने (शोध विशेषज्ञ) | ................................ |

मिति : २०७१/११/०८

सन् : २०१५/०२/२०

## कृतज्ञता ज्ञापन

प्रस्तुत **कक्षा सातको नेपाली पाठ्यपुस्तकको नमुना पाठ निर्माण** शीर्षकको शोधपत्र त्रि.वि. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नाकोत्तर तह, द्वितीय वर्षको नेपा.श. ५९८ को आवश्यकता पूर्तिका लागि आदरणीय गुरु प्रा.डा. पारसमणि भण्डारीज्यूको कुशल निर्देशनमा तयार पारिएको छ । आफ्ना विविध कार्य व्यस्तता हुँदाहुँदै पनि मलाई शोधपत्रको शीर्षक चयन, शोधप्रस्ताव लेखन र शोधपत्रको अन्तिम स्वरूप दिने समयसम्म आवश्यक प्रेरणा, हार्दिक सुझाब, सहयोग र कुशल निर्देशन प्रदान गर्नुहुने शोध निर्देशकज्यूप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस शोधपत्रको विषयवस्तु चयनदेखि यस रूपमा पुऱ्याउन आफ्नो अमूल्य समय लगाई आवश्यक निर्देशन गर्नुहुने नेपाली भाषा शिक्षा विभागका विभागीय प्रमुख आदरणीय गुरु प्रा.डा. रामनाथ ओझाप्रति अत्यन्त आभारी छु ।

यस अध्ययनका क्रममा प्रयाप्त ज्ञान दिई हामीलाई हौसला प्रदान गर्ने गुरुहरू प्रा.डा. खेम कोइराला 'बन्धु', प्रा.डा. यादवप्रकाश लामिछाने, प्रा. भोजराज ढुङ्गेल, प्रा. महेश्वर न्यौपाने, डा. माधव पौड्याल, डा.राजेन्द्र खनाल, गणेश बोहरा, दिनेश घिमिरेज्यूप्रति म कृतज्ञता ज्ञापन गर्दछु ।

शोधपत्र लेखनका क्रममा नमुना पाठको पूर्व परीक्षणका लागि आवश्यक सहयोग गर्नुहुने कुशादेवी उच्च माध्यमिक विद्यालय, काभ्रेपलाञ्चोकका प्रधानाध्यापकज्यू, नेपाली भाषा शिक्षकहरू र विद्यालय परिवारका सम्पूर्ण सदस्यहरू हार्दिक धन्यवादका पात्र हुनुहुन्छ । सुसाङ्ख्य टङ्कणमा सहयोग गर्ने 'जी' कम्प्युटर सेन्टर, कीर्तिपुरका जितेन महर्जनप्रति सधन्यवाद आभार व्यक्त गर्दछु र शोधपत्र लेखनका क्रममा जुनजुन लेखक, सम्पादक, प्रकाशक तथा पुस्तकालयका सामग्रीहरूबाट सहयोग लिइएको छ ती सबै व्यक्ति तथा संस्था लगायत यस कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण गुरुवर्ग, मित्रजन र सुभेच्छुकप्रति हार्दिक आभार प्रकट गर्दछु ।

अन्तमा आवश्यक मूल्याङ्कनका लागि यस शोधपत्रलाई नेपाली भाषा शिक्षा विभागको मूल्याङ्कन समिति समक्ष पेस गर्दछु ।

**धर्मानन्द पन्त**
शोधार्थी
स्नातकोत्तर तह, द्वितीय वर्ष
परीक्षा क्रमाङ्क : २८२०९४/२०७०

मिति : २०७१-९-११

# शोधसार

शोधशीर्षक : कक्षा सातको नेपाली पाठ्यपुस्तकको नमुना पाठ निर्माण

शोधार्थी : धर्मानन्द पन्त

शोधनिर्देशक : प्रा.डा. पारसमणि भण्डारी

विभाग/क्याम्पस : नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

शैक्षिक वर्ष : २०६८/२०७०

जम्मा अध्याय : ५

पृष्ठ सङ्ख्या : ६९+१०

**शोध प्रक्रिया**

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्ष नेपाली शिक्षा ५९८ पाठ्यांशको प्रयोजनका लागि 'कक्षा सातको नेपाली पाठ्यपुस्तकको नमुना पाठ निर्माण' शीर्षकमा तयार गरिएको छ ।

कक्षा सातको नेपाली भाषा पाठ्यक्रमका आधारमा नमुना पाठ छनोट गरी पाठअनुरूप अभ्यास निर्माण गर्ने उद्देश्यमा प्रस्तुत शोधकार्य गरिएको छ । प्रस्तुत अध्ययनमा सामग्री सङ्कलनका निम्ति पुस्तकालयीय अध्ययन विधिलाई आत्मसात् गरिएको छ । प्राथमिक स्रोतको रूपमा आधारभूत शिक्षा पाठ्यक्रम २०६९ र कक्षा सातको 'नेपाली' पाठ्यपुस्तकलाई लिइएको छ । विभिन्न चार विधा कथा, कविता, प्रबन्ध र जीवनीका पाठहरूको छनोट गरी पाठमा आवश्यकतानुरूप चित्र, अभ्यास र कार्यमूलक व्याकरण अभ्यास समावेश गरिएको छ । सिर्जनात्मक अभ्यासको पनि व्यवस्था मिलाइएको छ । सङ्कलन गरिएका विधाहरूको प्रभावकारिताको परीक्षणका लागि काभ्रेपलाञ्चोक जिल्लाको कुशादेवी उच्च माध्यमिक विद्यालयका २२ जना विद्यार्थीहरूमाझ पठनपाठन गरी प्रश्न निर्माण गरी उक्त अध्ययन गरिएको छ ।

**निष्कर्ष**

यस अध्ययनबाट निम्नानुसार निष्कर्ष निकालिएको छ :

(क) विधा छनोट गर्दा कविता, कथा, प्रबन्ध र जीवनीलाई समावेश गरिएको छ ।

(ख) नमुना अभ्यास निर्माण गर्दा सुनाइ, बोलाइ, पढाइ र लेखाइ चारवटै सिपलाई ख्याल गरिएको छ ।

(ग) कथा विधा शिक्षणको माध्यमबाट कथनात्मक सिप विकासका साथ सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपको अभ्यास गराउनु रहेको छ ।

(घ) कविता शिक्षणका माध्यमबाट लयबोध, भावबोध र उच्चारण संस्कारको विकासमा सहयोग पुग्ने निष्कर्ष निकालिएको छ ।

(ङ) प्रबन्ध विधाका माध्यमबाट निर्देशित र स्वतन्त्र रूपमा निबन्ध लेखनको अभ्यास गराउनु रहेको छ ।

(च) जीवनी विधा शिक्षणबाट भाषाका मौखिक र लिखित अभिव्यक्ति सिपको विकास गर्न सकिन्छ ।

(छ) कार्यमूलक व्याकरणका माध्यमबाट भाषाको शुद्ध र मानक प्रयोगप्रति बालबालिकालाई अभिमुख गर्ने उद्देश्य राखिएको छ ।

(ज) प्रस्तुत शोधकार्य सैद्धान्तिक पृष्ठभूमिमा प्रयोग उन्मुख विषयमा आधारित रहेको छ ।

# विषयसूची

पृष्ठ सङ्ख्या

**अध्याय एक**

**शोध परिचय** १-४

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्या कथन २

१.३ शोधको उद्देश्य २

१.४ शोधकार्यको औचित्य २

१.५ शोधको सीमा ३

१.६ शोधकार्यको रूपरेखा ४

**अध्याय दुई**

**पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा** ५-१९

२.१ पूर्वकार्यको पुनरावलोकन ५

२.२ सैद्धान्तिक अवधारणा ८

२.२.१ भाषा पाठ्यक्रमको परिचय ८

२.२.२ पाठ्यपुस्तकको परिचय ९

२.२.३ भाषा पाठ्यपुस्तकको परिचय १०

२.२.४ पाठ्यपुस्तक लेखन/सम्पादन कला १०

२.२.४.१ छनोट ११

२.२.४.२ स्तरण ११

२.२.५ भाषा पाठ्यपुस्तक निर्माणका आधारहरू १२

२.२.५.१ शब्दभण्डारको नियन्त्रण १२

२.२.५.२ संरचनात्मक नियन्त्रण १२

२.२.५.३ विषयवस्तुको नियन्त्रण १३

२.२.५.४ रुचि १३

२.२.५.५ आवश्यकता १३

२.२.५.६ अन्य/विविध १३

२.२.६ पाठ्यपुस्तक निर्माण योजना १४

२.२.६.१ विषयवस्तु १४

२.२.६.२ विधा १४

२.२.६.३ पाठको वितरण १५
२.२.६.४ पाठको आकारप्रकार १५
२.२.६.५ पाठको प्रस्तुति १५
२.२.६.६ अभ्यास १५
२.२.७ विधागत वितरणको आधार १६
२.२.७.१ कविता १६
२.२.७.२ कथा १६
२.२.७.३ प्रबन्ध १७
२.२.७.४ जीवनी १७
२.२.७.५ चिठी १७
२.२.७.६ रूपक १८
२.२.८ भाषा पाठ्यपुस्तकमा पाठ छनोट प्रक्रिया १८
२.२.८.१ पाठ्यक्रम १८
२.२.८.२ विषयविशेषज्ञको सुझाव १८
२.२.८.३ विद्यार्थीको मनोविज्ञान १८
२.२.८.४ आधुनिक समाज १८
२.२.८.५ शिक्षकको सल्लाह १९
२.२.८.६ नमुना पाठ्यपुस्तक १९
**अध्याय तिन**
**शोधविधि तथा अध्ययन प्रक्रिया** २०-२१
३.१ विषय प्रवेश २०
३.२ सामग्री सङ्कलनका स्रोत २०
३.२.१ प्राथमिक स्रोत २०
३.२.२ द्वितीयक स्रोत २०
३.३ अध्ययन प्रक्रिया र पूर्वपरीक्षण २१
**अध्याय चार**
**परिणाम तथा छलफल** २२-५२
नमुना पाठ एक (कविता) २२
नमुना पाठ दुई (कथा) ३०
नमुना पाठ तिन (प्रबन्ध) ३९
नमुना पाठ चार (जीवनी) ४७

**अध्याय पाँच**

**सारांश, निष्कर्ष र उपयागिता** ५३-५६

५.१ सारांश ५३


५.२ निष्कर्ष ५४

५.३ उपयोगिता ५५

**सन्दर्भ सामग्री सूची** ५७-५८

**परिशिष्ट** ५९-६९

# व्यक्तिवृत्त



| | | |
|---|---|---|
| नाम | : | धर्मानन्द पन्त |
| जन्म मिति | : | २०४४/१०/०९ |
| स्थायी ठेगाना | : | महादेवस्थान -४, वैतडी |
| बाबुको नाम | : | परमानन्द पन्त |
| आमाको नाम | : | कौशिला पन्त |
| नागरिकता | : | नेपाली |
| धर्म | : | हिन्दु |
| पेसा | : | शिक्षण (अध्यापन) |
| शैक्षिक योग्यता | : | स्नातकोत्तर (नेपाली) |
| विशिष्टीकरण | : | नेपाली शिक्षा |
| सम्पर्क | : | ९८४९८२९७५३ |
| संलग्नता | : | श्री कुशादेवी उच्च मा.वि., काभ्रेपलाञ्चोकमा माध्यमिक नेपाली विषय शिक्षक |

**शैक्षिक योग्यता**

| तह | अध्ययनको गरेको संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|
| प्रवेशिका | श्री महेश्वरी मा.वि. न्वाघर, वैतडी | २०६१ | द्वितीय |
| प्रवीणता प्रमाणपत्र | श्री डिलेश्वरी उ.मा.वि., हाट, वैतडी | २०६४ | द्वितीय |
| स्नातक | श्री डडेल्धुरा क्याम्पस, डडेल्धुरा | २०६७ | प्रथम |
| स्नातकोत्तर | श्री त्रिभुवन विश्वविद्यालय, विश्वविद्यालय क्याम्पस, कीर्तिपुर । | २०७० | - |

# अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शोधकार्य कुनै विषयप्रति व्यवस्थित रूपमा खोजी गर्ने महत्त्वपूर्ण कार्य हो । नवीन ज्ञानको खोजी गरी मानव सभ्यतालाई परिष्कृत तुल्याउने कार्यमा अनुसन्धानको सर्वोपरि स्थान रहेको छ । आदिम कालदेखि नवीन ज्ञानको खोजी र त्यसको प्रयोगको कारण आज विश्व विकसित अवस्थामा आइपुगेको छ । अनुसन्धान कार्य विभिन्न प्रयोजनका लागि उपयोगी हुन्छ । त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर (एम.एड) तह द्वितीय वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ **कक्षा सातको नेपाली पाठ्यपुस्तकको नमुना पाठ निर्माण** शीर्षकमा प्रस्तुत शोध गरिएको छ ।

कुनै पनि पाठ्य सामाग्री निर्माण गर्नुभन्दा पहिले सम्बन्धित पाठ्यक्रम तथा पाठ्यपुस्तकको अध्ययन विश्लेषण गर्नुपर्ने हुन्छ । पाठ्यक्रमद्वारा निर्दिष्ट कक्षागत सिकाइ उपलब्धि विद्यार्थीहरूमा स्थापित गराउन गरिने क्रियाकलापका लागि पाठ्यपुस्तक तयार गरिन्छ । पाठ्यपुस्तक विभिन्न तरिकाले लेखिन्छ र विभिन्न स्वरूपका हुन्छन् । भाषा विषयका पाठ्यपुस्तकमा पनि तल्ला कक्षाका र माथिल्लो कक्षाका पाठ्यपुस्तकको स्वरूपमा पनि भिन्नता हुन्छ । पाठ्यक्रम विकास केन्द्रले निर्माण गरेका निम्न माध्यमिक पाठ्यक्रमका आधारमा तयार पारिएका नेपाली पाठ्यपुस्तकका पाठमा पाठ्यवस्तु र अभ्यासका छुट्टाछुट्टै खण्ड छन् भने स्वरूप फरक भए पनि भाषा पाठ्यपुस्तकका पाठमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप अन्तर्गतका विभिन्न क्षेत्रमा आवश्यक मात्रामा रुचिकर अभ्यास/क्रियाकलाप राखेर पाठ्यपुस्तक निर्माण गर्नुपर्दछ । भाषा बाहेकका अन्य विषयहरूको आफ्नै किसिमको अवस्था रहेको छ । पाठ निर्माण गर्ने सन्दर्भमा पाठ्यवस्तुका लागि अनुच्छेद तयार गर्ने प्रक्रियाहरू, पाठ शीर्षक, पाठयवस्तु, चित्र अभ्यास वा क्रियाकलाप जस्ता विषयवस्तु समेटेर नमुना पाठ निर्माण गर्नुपर्ने परिप्रेक्ष्यमा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको रुचि, स्तर, क्षमता, आवश्यकता आदिका आधारमा पाठ निर्माण के कसरी गर्ने भनी यो शोधकार्य गरिएको हो ।

पाठमा कुन-कुन भाग हुन्छन् ? पाठमा शीर्षकलाई कसरी रोचक बनाउने ? पाठ्यवस्तु कसरी लेख्ने ? पाठमा चित्रको कस्तो महत्त्व हुन्छ ? चित्र निर्माणको निर्देशन कस्तो राख्ने ? भाषा विषयका पाठ्यपुस्तकमा अभ्यास कस्तो बनाउने ? आदि जिज्ञासाहरूको प्राज्ञिक क्षेत्रमा अत्यन्त महत्त्व हुन्छ । वर्तमान परिवर्तित सामाजिक सन्दर्भमा भाषिक सिप सिकाउने भाषा पाठ्यपुस्तकमा समाविष्ट पाठहरूको महत्त्वपूर्ण स्थान रहन्छ । वर्तमान पाठ्यक्रमको मर्म र भावनालाई ध्यानमा राखी पाठसामग्रीको आवश्यकता परिपूर्ति गर्न महत्त्वपूर्ण योगदान पुग्न सक्ने ठानी प्रस्तुत शोधकार्य गरिएको छ ।

## १.२ समस्या कथन

कुनै पनि अनुसन्धानमूलक कार्यमा समस्या छनोटको कार्यलाई निकै नै महत्त्वपूर्ण मानिन्छ । समस्याको छनोट बिनाको समाधानको खोजी हुन सक्दैन । प्रस्तुत शोध पनि केही खास समस्यामा आधारित रहेको छ । प्रस्तुत शोधमा कक्षा सातको नेपाली पाठ्यपुस्तकको नमुना पाठ निर्माणलाई मुख्य क्षेत्र बनाइएको छ । प्रस्तुत शोधका मूलभूत समस्याहरू निम्नलिखित छन्:

(क) कक्षा सातको नेपाली पाठ्यपुस्तकका लागि कुन कुन विधाका नमुना पाठ छनोट गर्न सकिन्छ ?

(ख) नमुना पाठभित्र रही के कस्ता नमुना अभ्यास निर्माण गर्न सकिन्छ ?

## १.३ शोधको उद्देश्य

उद्देश्य विना कुनै पनि कार्य सम्पन्न गर्न सकिँदैन । उद्देश्यले नै कार्यक्रमलाई गन्तव्यमा पुग्न मार्गनिर्देश गर्छ अर्थात् कुनै पनि कार्यक्रम उद्देश्यमा केन्द्रित हुन्छ । प्रस्तुत शोधका उद्देश्यहरू निम्नलिखित छन् :

(क) कक्षा सातको नेपाली पाठ्यपुस्तकका लागि नमुना पाठ छनोट गर्नु,

(ख) नमुना पाठभित्र रही नमुना अभ्यास निर्माण गर्नु ।

## १.४ शोधकार्यको औचित्य

भाषा पाठ्यपुस्तकमा समाविष्ट पाठहरूका माध्यमबाट भाषिक सिप सिकाइमा महत्त्वपूर्ण योगदान पुग्दछ । पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा निर्धारित **आधारभूत शिक्षा पाठ्यक्रम** कार्यान्वयनका क्रममा कक्षा सातको नेपाली पाठ्यपुस्तकमा नमुना पाठ

निर्माणसम्बन्धी अध्ययन विद्यार्थीको रुचि, स्तर र आवश्यकताअनुरूपको पाठ्यसामग्री छनोट गरी विधागत प्रयोजनलाई ध्यान दिई पाठ्यक्रमअनुरूप सामग्री चयन गर्न सहायक सिद्ध हुने छ। यस अध्ययनले समय अनुकूल पाठ्यक्रममा संशोधनको पृष्ठभूमि तयार गर्न सहयोग पुऱ्याउने छ।

भाषा पाठ्यपुस्तकमा प्रयोग हुने पाठ्य सामग्री निर्माता वा पाठका लेखकका लागि एउटा सुनिश्चित दृष्टिकोण प्रदान गर्न प्रस्तावित अध्ययन उचित देखिन्छ। पाठ्यपुस्तकमा रहेका पाठहरूको आवश्यक मूल्याङ्कन, समीक्षा, पृष्ठ पोषण र सुझावका रूपमा प्रस्तुत गर्न समेत प्रस्तुत अध्ययनले सहयोग गर्ने छ। कक्षाको शिक्षण सिकाइलाई प्रभावकारी बनाई सफल शिक्षणको रूपमा परिचित गराउन समेत यस अध्ययनले मद्दत गर्ने छ। प्रस्तुत **कक्षा सातको नेपाली पाठ्यपुस्तकको नमुना पाठ निर्माण** अध्ययनले वर्तमान पाठ्यपुस्तकमा समावेश गरिएका विभिन्न विधाका पाठहरूमा रहेका कमीकमजोरी औंल्याई सुधारका लागि दिइएका सुझावले पाठ्यसामग्री निर्माता, प्रकाशक तथा पाठ्यपुस्तकका प्रयोगक्ताहरूलाई सघाउ पुऱ्याउने छ। हाल यस विषयमा आधारित भएर कुनै पनि अनुसन्धान नभएको अवस्थामा प्रस्तावित अध्ययनलाई कार्यगत अनुसन्धानको रूपमा लिएर नमुना पाठहरूमा सुधार एवम् परिमार्जन गर्न पनि यो अध्ययन महत्त्वपूर्ण रहेको छ।

## १.५ शोधको सीमा

कक्षा सातको भाषा पाठ्यपुस्तकका लागि पाठ्यक्रम विकास केन्द्र सानोठिमी, भक्तपुरद्वारा २०६९ सालमा प्रकाशित **आधारभूत शिक्षा पाठ्यक्रम**अनुसार नमुना पाठ निर्माण गर्नु नै यस शोधको सीमा रहेको छ। प्रस्तुत क्रममा प्रबन्ध/निबन्ध विधाअन्तर्गत प्राकृतिक/वातावरणीय क्षेत्रको पाठ निर्माण, जीवनी विधाअन्तर्गत साहित्यकार/ कलाकारको जीवनी पाठ निर्माण, कथा विधाअन्तर्गत पौराणिक/ऐतिहासिक पाठ निर्माण र कविता विधाअन्तर्गत छन्दोबद्ध कविता पाठ निर्माण गरी जम्मा ४ वटा पाठ मात्र तयार पार्नु पनि प्रस्तुत शोधको सीमा रहेको छ। प्रस्तुत शोधमा नमुना पाठभित्र रही नमुना अभ्यास निर्माण गर्नु पनि प्रस्तुत शोधको सीमा रहेको छ।

## १.६ शोधकार्यको रूपरेखा

कक्षा सातको नेपाली पाठ्यपुस्तकको नमुना पाठ निर्माणका क्रममा प्राप्त सामग्रीलाई व्यवस्थित रूपमा प्रस्तुत गर्न निम्नानुसार अध्याय विभाजन गरिएको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

अध्याय तिन : शोधविधि तथा अध्ययन प्रक्रिया

अध्याय चार : परिणाम तथा छलफल

अध्याय पाँच : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भ सामग्री सूची

परिशिष्टहरू

व्यक्तिवृत

## अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

### २.१ पूर्वकार्यको पुनरावलोकन

भाषिक पाठ्य सामग्री निर्माणका क्षेत्रमा सैद्धान्तिक रूपले थुप्रै अध्ययनहरू भएका छन् तापनि प्रयोगात्मक रूपमा यस विषयमा अध्ययन-अनुसन्धानको अभाव देखिन्छ । प्रयोगात्मक रूपमा एक-दुई वटा अध्ययन-अनुसन्धान भने नभएका होइनन् । यसै विषय क्षेत्रसँग सम्बन्धित रहेर गरिएका सैद्धान्तिक एवम् प्रयोगात्मक अध्ययन अनुसन्धानहरू जुन जानकारीमा छन् तिनलाई क्रमशः निम्न अनुसार चर्चा गरिन्छ :

रेग्मी (२०५७) द्वारा **शिक्षणीय प्रयोजनका दृष्टिले कक्षा सातको हाम्रो नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको विश्लेषण** शीर्षकमा अध्ययन गरिएको छ । उक्त अध्ययनमा पाठ्यपुस्तकमा राखिएका कथा विधाका पाठहरू पाठ्यक्रमअनुरूप कक्षाको रुचि, स्तरअनुरूप भए नभएको, शब्द भण्डारको सन्तुलन र आवृत्ति उपयुक्त भए नभएको भनी अध्ययन गर्ने मुख्य उद्देश्य राखिएको देखिन्छ । पुस्तकालयीय विधिलाई मुख्य विधिका रूपमा आत्मसात् गरिएको उक्त अध्ययनमा कक्षा सातमा राखिएका कथा विधाका पाठहरू सिकाइ सिद्धान्तअनुरूप कमजोर देखिएको निष्कर्ष प्रस्तुत गरिएको छ ।

सुवेदी (२०५९/६१) द्वारा **कक्षा सातको हाम्रो नेपाली किताबको विश्लेषणात्मक अध्ययन** शीर्षकमा अध्ययन गरिएको छ । उक्त अध्ययनमा भाषा पाठ्यपुस्तकका आन्तरिक र बाह्य विशेषताका आधारमा पाठ्यपुस्तकको विश्लेषण गर्नु मुख्य उद्देश्य राखिएको बताइएको छ । उक्त अध्ययनमा पुस्तकालयीय विधिलाई मुख्य विधि मानी अध्ययन गरिएको बताइएको छ । उक्त अध्ययनमा कक्षा सातको हाम्रो नेपाली किताबमा आवरण र साजसज्जा स्तरीय रहेको तर भाषिक सिप विकासका दृष्टिले उक्त पाठ्यपुस्तकभित्रका सामग्री स्तरीय र सन्तुलित नरहेको तथा सिर्जनात्मक अभ्यासको कमी रहेको बताइएको छ ।

बराल (२०६१) द्वारा **कक्षा सातका महेन्द्रमाला र हाम्रो नेपाली किताबको तुलनात्मक अध्ययन** शीर्षकमा अध्ययन गरिएको छ । कक्षा सातको **महेन्द्रमाला र हाम्रो नेपाली**

किताबको तुलना गर्नु मुख्य उद्देश्य राखिएको उक्त अध्ययनले पुस्तकालयीय विधिलाई अवलम्बन गरेको बताइएको छ । उक्त अध्ययनले कक्षा सातको 'महेन्द्र माला र हाम्रो नेपाली' दुवै पाठ्यपुस्तकमा प्रयुक्त पाठहरूको तुलना गरी 'हाम्रो नेपाली' पाठ्यपुस्तकमा समाविष्ट पाठहरू नमुना लायक रहेको निष्कर्ष देखाएको छ ।

भट्टराई (२०६१) द्वारा **कक्षा सातको नयाँ पाठ्यक्रम अनुसारका नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको विश्लेषणात्मक अध्ययन** शीर्षकमा (शोधकार्य) अध्ययन गरिएको छ । कक्षा सातको नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको पाठ्यक्रम अनुरूपताको खोजी गरिएको यस शोधकार्यमा निर्धारित कथाको संरचना तथा भाषिक पक्षको विश्लेषण गर्नुका साथै भाषा शिक्षणीय दृष्टिले कथाको प्रयोजन तथा उद्देश्यअनुसार अभ्यासको विश्लेषण गर्नु यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ । उक्त अध्ययनमा विद्यार्थीको रुचि, स्तर र तहअनुसार कथाका विभिन्न पक्षको छनोट र स्तरण उचित रूपमा भएको छ वा छैन समीक्षा गर्नुका साथै निम्न माध्यमिक वा कक्षा सातमा समावेश गरिएका कथाको बारेमा सुझाव दिइएको देखिएको छ ।

कोइराला (२०७०) द्वारा **कक्षा चारको नेपाली विषयको नमुना पाठ्यपुस्तक निर्माण** शीर्षकमा अध्ययन गरिएको छ । उक्त अध्ययनमा कक्षा चारको नेपाली भाषा पाठ्यक्रम अनुसारको पाठ्यपुस्तकका लागि उपयुक्त हुने पाठहरू अध्ययन, छनोट र स्तरण गरी नमुना अभ्यासको निर्माण समेत गर्ने उद्देश्य राखेको देखिन्छ । उक्त अध्ययनमा अभ्यास निर्माण गर्दा भाषाका चारवटै सिपलाई ख्याल गरिएको जानकारी दिइएको छ । विभिन्न विधाका पाठको सङ्ख्या र विधाको भेद स्पष्टसँग छुट्याउनु पर्ने, पाठ्यपुस्तकका पाठहरू विधागत आधारमा फरक फरक बनाउनु पर्ने, विद्यार्थीको रुचि र स्तर अनुकूल साहित्यिक विधा छनोट गर्नुपर्ने, विद्यार्थी सक्रिय हुने कार्यकलाप समावेश गर्नुपर्ने सुझावहरू राखिएको देखिन्छ । यस अध्ययनमा पाठहरू छनोटपूर्ण ढङ्गले अगाडि सारिएको देखिएको छ ।

खनाल (२०७०) द्वारा **'कक्षा छको नेपाली विषयको नमुना पाठ्यपुस्तक निर्माण'** शीर्षकमा अध्ययन गरिएको छ । प्राथमिक स्रोतका रूपमा आफैंलाई मानेर विधाहरूको सङ्कलन

गरिएको बताइएको छ । उक्त अध्ययनमा सङ्कलन गरिएका विधाहरूको प्रभावकारिताको परीक्षणका लागि २१ जना विद्यार्थीहरूमा परीक्षण (कक्षा सञ्चालन) गरी प्रश्न निर्माण गरेर उक्त अध्ययन गरिएको बताइएको छ । पुस्तकालयीय अध्ययन विधिलाई आत्मसात् गरी प्राथमिक स्रोतका रूपमा **नेपालीको लोककथासङ्ग्रह, नौलो नेपाली निबन्धसङ्ग्रह, मेलम्चीको तिर्खा कवितासङ्ग्रह**लाई लिएर सम्बन्धित पुस्तक, पाठ्यक्रम, शोधपत्र र शब्दकोश आदिलाई द्वितीय स्रोतका रूपमा उपयोग गरेको बताइएको छ । उक्त अध्ययनमा कक्षा ६ को नेपाली भाषा पाठ्यक्रमअनुसार पाठ्यपुस्तकका लागि उपयुक्त हुने पाठहरू अध्ययन, विधाहरू छनोट र स्तरण, नमुना अभ्यास निर्माण गर्नुलाई उद्देश्य राखिएको देखिएको छ । उक्त अध्ययनमा विधा छनोट गर्दा कविता, कथा, निबन्ध र चिठीलाई समावेश गरिएको बताइएको छ । उक्त अध्ययनमा भाषाका चारवटै सिपहरू ख्याल गरी नमुना अभ्यास निर्माण गरेको बताइएको छ । सिर्जनात्मक अभ्यासलाई पनि नमुना पाठ्यपुस्तकमा समेटिएको कुरा बताइएको छ ।

वस्नेत (२०७०) द्वारा **कक्षा सातको भाषा पाठ्यपुस्तकको नमुना पाठ छनोट तथा निर्माण** शीर्षकमा अध्ययन गरिएको छ । उक्त अध्ययनमा कक्षा सातको भाषा पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्दिष्ट गरे अनुरूपको कविता, कथा, जीवनी र निबन्धका नमुना पाठ तयार पार्ने, बोध र अभिव्यक्तिसम्बन्धी अभ्यास र व्याकरणात्मक अभ्यास तयार पार्ने उद्देश्य राखिएको देखिन्छ । उक्त अध्ययनमा कक्षा सातको पाठ्यपुस्तकको लागि कविता, कथा, जीवनी र निबन्ध विधाको नमुना पाठ्य सामग्री छनोट गरी सम्बन्धित कक्षाका विद्यार्थीमा पूर्व परीक्षण गरेपश्चात् विषय विशेषज्ञहरूको सुझाव सङ्कलन गरिएको भनिएको छ । विषय विज्ञहरूको मार्ग निर्देशनअनुसार नमुना पाठ्य सामग्रीको संशोधन गरी पुनः कक्षाकोठामा प्रयोग गरिएको कुरा उल्लेख गरेको देखिएको छ । उक्त अध्ययनमा कथा, कविता, निबन्ध र जीवनी विधाका पाठका माध्यमबाट विद्यार्थीमा भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप विकास हुने निष्कर्ष प्रस्तुत गरिएको छ ।

सिंह (२०७०) द्वारा **कक्षा पाँचको नेपाली पाठ्यपुस्तकका लागि नमुना कथाको छनोट र अभ्यास निर्माण** शीर्षकमा अध्ययन गरिएको छ । उक्त अध्ययनमा कथा छनोट र अभ्यास निर्माणको सैद्धान्तिक आधार तयार गरी नमुना अभ्यास गर्नु मुख्य उद्देश्य राखिएको

देखिन्छ । पुस्तकालयीय विधिलाई मुख्य विधिका रूपमा अवलम्बन गरिएको उक्त अध्ययनमा चारवटा नमुना कथाहरू छनोट गरी नमुना अभ्यास निर्माण गरेको देखिएको छ ।

उपर्युक्त विभिन्न अध्ययनको समीक्षाबाट नेपाली भाषा पाठ्यपुस्तकमा पाठ निर्माणसम्बन्धी सैद्धान्तिक रूपमा प्रशस्त अध्ययनहरू नभएका होइनन् तर त्यसको प्रयोग क्षेत्र र व्यावहारिक पक्ष के कस्ता छन् त ? भन्ने विषयमा त्यति अध्ययन अनुसन्धानहरू भएका पाइँदैनन् । भइसकेका अध्ययन अनुसन्धानहरू पनि सबै कक्षाका विद्यार्थीको रुचि, स्तर, क्षमता र आवश्यकताअनुरूप भएका पाइँदैनन् । अर्को तर्फ पाठ्य सामग्रीको विकासका आधारहरू, नमुना पाठ्य सामग्री विकास र नमुना पाठ्य सामग्रीको परीक्षण प्रयोगलाई ध्यानमा राखी अध्ययन भएको पाइँदैन । यसै आवश्यकतालाई महसुस गरेर प्रस्तुत '**कक्षा सातको पाठ्यपुस्तकको नमुना पाठ निर्माण**' शीर्षक छनोट गर्नु र त्यही शीर्षकमा आधारित भएर अध्ययन गर्नु सान्दर्भिक देखिन्छ ।

## २.२ सैद्धान्तिक अवधारणा

### २.२.१ भाषा पाठ्यक्रमको परिचय

पाठ्यक्रम शैक्षिक कार्यक्रमको बृहत् एवम् महत्त्वपूर्ण योजना हो । यसले शिक्षणलाई उद्देश्यमूलक बनाउने बलियो लक्ष्य लिएको हुन्छ (भण्डारी र अन्य, २०६८ : १६४) । भाषा पाठ्यक्रममा भाषाशिक्षणका लागि सुनाइ, बोलाइ पढाइ र लेखाइ जस्ता भाषिक सिप विकासलाई केन्द्रविन्दु बनाइएको हुन्छ । पाठ्यक्रमका उद्देश्यअनुरूप पाठ्यपुस्तक निर्माण गरिएको हुन्छ । अतः पाठ्यक्रम नै सम्पूर्ण शैक्षिक प्रक्रियाको मेरुदण्ड हो भन्न सकिन्छ ।

भाषा सिकाइलाई शिक्षण सिकाइको निरन्तर प्रक्रियाका रूपमा लिइन्छ । कुनै पनि भाषाको मानक रूप र शिष्ट रूपको सिकाइ गराउन भाषा विषयलाई पनि प्राथमिकता दिइएको हुन्छ । भाषाका आधारभूत सिपमा निपुणता हासिल गराउन पाठ्यक्रमलाई व्यवस्थित गरिएको हुन्छ । भाषा पाठ्यक्रमकै आधारमा भाषा र पाठ्यपुस्तक र भाषिक सिप हासिल गराउने सन्दर्भ सामग्रीहरू तयार पारिएका हुन्छन् । भाषाका ग्रहण र अभिव्यक्ति कुशलता माध्यमले विभिन्न विषयगत ज्ञान प्रर्वद्धन गर्ने ध्येय भाषा पाठ्यक्रमको हुन्छ ।

भाषा पाठ्यक्रममा भाषा शिक्षणसम्बन्धी बृहत् र स्पष्ट कार्यक्रम प्रस्तुत गरिएको हुन्छ । यसमा शिक्षाका राष्ट्रिय उद्देश्य, कक्षागत उद्देश्य तथा विषयगत उद्देश्य, पठनपाठनको समयावधि, सिकाइ सहजीकरण प्रक्रिया, विधाको क्षेत्र र क्रम, अभ्यासको प्रकृति, विद्यार्थी, मूल्याङ्कन जस्ता महत्त्वपूर्ण कुराहरूलाई स्पष्ट निर्देशित गरिएको हुन्छ (भण्डारी र अन्य, २०६८ : २१८) । भाषा पाठ्यक्रममा विभिन्न विधाका रचनाका माध्यमबाट भाषिक सिप र सिर्जनात्मक क्षमताको विकास गराउनलाई मुख्य उद्देश्य बनाइएको हुन्छ । समग्रमा यसले उद्देश्य, विषयसूची, स्रोत, मूल्याङ्कनको साधन आदिको समेत बोध गराउँछ । जुन विद्यालय भित्र र विद्यालय बाहिर कक्षाकोठाको शिक्षण तथा सम्बन्धित कार्यक्रमद्वारा पुरा गर्न योजनावद्ध रूपले लागु गरिएको हुन्छ ।

### २.२.२ **पाठ्यपुस्तकको परिचय**

पाठ्यक्रमको उद्देश्यअनुरूप सम्बन्धित तह र कक्षाको शिक्षण सिकाइको महत्त्वपूर्ण तथा आधिकारिक सामग्रीलाई पाठ्यपुस्तक भनिन्छ (भण्डारी र अन्य, २०६८ : १९१) । पाठ्यपुस्तकको सहयोगले विद्यार्थीहरूले सम्बन्धित तह र कक्षाको पाठ्यक्रमअनुरूपका विभिन्न ज्ञान हासिल गर्दछन् । पाठ्यपुस्तकमा पाठ्यक्रमका अपेक्षाअनुरूप पाठ्यांशहरूलाई विद्यार्थीहरूको स्तर, अनुभव र सिकाइ आवश्यकता ख्याल गरी सङ्ग्रहित गरिएको हुन्छ । पाठ्यक्रमका उद्देश्य पुरा गर्न के कति पढने ? कस्तो अभ्यास गरेर कुन अनुक्रममा पढ्ने भन्ने कुरालाई आत्मसात् गरी पाठ्यपुस्तक तयार गरिएको हुन्छ । यसले शिक्षकलाई समेत के, कति र कसरी अभ्यास गराएर पढाउने भन्ने कुराको महत्त्वपूर्ण जानकारी प्रदान गर्दछ । यसकै सहयोग लिई शिक्षकले आवश्यक शिक्षण योजना बनाई सुनिश्चित प्रक्रियाअनुरूप शिक्षण गर्न सक्छन् ।

पाठ्यपुस्तकलाई परिभाषित गर्ने क्रममा गुड (१९७३) ले कुनै निश्चित तहमा खास विषयको निर्धारित पाठ्यांशका लागि व्यवस्थित ढङ्गले तयार पारिएको अपेक्षित शिक्षण सिकाइमा प्रयोग गरिने प्रमुख अध्ययन, स्रोत र सामग्री मानेका छन् । तनेजा (१९७३) ले पाठ्यपुस्तकलाई विद्यालय, महाविद्यालय र घरमा पनि व्यापक रूपले प्रयोग हुने सर्वमान्य ढङ्गको शिक्षण सामग्रीको रूपमा चिनाएका छन् । त्यस्तै क्रोनवाक्ले पाठ्यपुस्तक सामान्यतः प्रारम्भिक तहका शिक्षार्थीहरूका लागि लेखिने कुनै पाठ्यांशका विभिन्न

एकाइहरूको शिक्षण सिकाइ क्रमबद्ध रूपमा हुन सकोस् भन्ने ध्येयमा आधारित सामग्री मानेका छन् ।

### २.२.३ भाषा पाठ्यपुस्तकको परिचय

'कुनै पनि तह वा कक्षाका लागि भाषिक उद्देश्यहरू पुरा गर्न तयार पारिएको सामग्रीलाई पाठ्यपुस्तक भनिन्छ' (भण्डारी र अन्य, २०६८ : १९३) । भाषा पाठ्यपुस्तक पाठ्यक्रमका सैद्धान्तिक कुराहरूलाई व्यवहारिक कार्यकलाप तथा प्रक्रियामा ढालेर उद्देश्य पूर्ति गर्न महत्त्वपुर्ण सहयोग पुऱ्याउने भरपर्दो सामग्री हो । भाषा पाठ्यपुस्तकको सहयोगले विद्यार्थीहरू सम्बन्धित तह र कक्षाको भाषा पाठ्यक्रमका उद्देश्य पुरा गर्न के कस्ता कुराहरू के कसरी पढने र कस्तो अभ्यास गरेर कुन अनुक्रममा पढने भन्ने कुराको आत्मसात् गरी भाषा पाठ्यपुस्तक निर्माण गरिएको हुन्छ । भाषा पाठ्यपुस्तकले शिक्षकलाई समेत शिक्षण कार्यमा महत्त्वपूर्ण सहयोग प्रदान गर्दछ ।

भाषा पाठ्यपुस्तक भाषा पाठ्यक्रमका सैद्धान्तिक कुराहरूलाई व्यवहारिक कार्यकलाप ढालेर उद्देश्य पूर्ति गर्न सहयोग पुऱ्याउने महत्त्वपूर्ण र भरपर्दो शैक्षिक सामग्री हो । जुन विद्यार्थीको शारीरिक, मानसिक, बौद्धिक तथा सांवेगिक पक्षका साथै रुचि, आवश्यकता र सिकाइ समेतलाई ख्याल गरी मनोवैज्ञानिक सिकाइ अनुक्रममा तयार पारिएको हुन्छ । भाषा पाठ्यपुस्तकले विद्यार्थीलाई पढ्न, अभ्यास गर्न, कक्षा कार्यकलापलाई प्रभावकारी बनाउन महत्त्वपूर्ण सहयोग पुऱ्याउँछ ।

### २.२.४ पाठ्यपुस्तक लेखन/सम्पादन कला

पाठ्यपुस्तक पाठ्यक्रमको उद्देश्य पुरा गर्न निर्माण गरिएको हुन्छ । पाठ्यपुस्तक पढेर विद्यार्थीहरूले भाषाका विभिन्न पक्षमा अनुभवको विस्तार तथा अभिवृद्धि गर्न सक्छन् । भाषा पाठ्यपुस्तकका माध्यमबाट भाषाको औपचारिक शिक्षणका लागि पाठ्यवस्तुको छनोट र स्तरण महत्त्वपुर्ण हुन्छ । भाषा पाठ्यपुस्तक लेखन तथा सम्पादन कलाको महत्त्वपुर्ण पक्ष भनेको पाठ्यपुस्तक भित्रका पाठ्यवस्तुका निम्ति तयार पारिएका विषयवस्तु र तिनको प्रस्तुतिक्रम नै हो । यसर्थ भाषा पाठ्यपुस्तकमा पाठ्यवस्तुको प्रस्तुतिका निमित्त विषयवस्तु वा विधाको छनोट र त्यसको स्तरण वा संगठन व्यवस्था के

कति उपयुक्त र प्रभावकारी छ भनी कुनै पनि भाषा पाठ्यपुस्तकका गुणहरूको अध्ययन मूल्याङ्कन गर्न सकिन्छ ।

### २.२.४.१ छनोट

भाषा पाठ्यपुस्तकको निर्माण र व्यवस्थापनमा पाठ्यवस्तुको छनोटलाई एउटा सचेत प्रक्रिया मानिन्छ । यसले पाठ्यक्रमका उद्देश्य पूर्तिमा अन्यौल हुनबाट जोगाउँछ (भण्डारी र अन्य, २०६८ : २२२) । विद्यार्थीहरूको सिकाइ व्यवस्थित तथा सुगम बनाउन पाठ्यवस्तुहरूमध्ये खास अंशको छनोट गरिन्छ । पाठ्यवस्तुहरू विभिनन विषयवस्तु, विधागत पाठ, विभिन्न शैली र संरचनाका आधारमा प्रस्तुत भएका हुन्छन् । पाठ्यक्रमका उद्देश्य, निर्देशन, समयावधि, शिक्षणीय तह/कक्षा, पाठ्यक्रमको प्रकृति, विद्यालयको प्रकृति र विद्यार्थीको पूर्व क्षमताको आधारमा पाठ्यवस्तु छनोट गरिन्छ । पाठ्यपुस्तकमा समाविष्ट गरिने पाठ, भाषिक अभिव्यक्तिका दृष्टिले एक सामाजिक घटना भएकाले यसमा समाजभाषिक सन्दर्भ तथा विषयवस्तु र ज्ञान क्षेत्रको पनि प्रशस्त महत्त्व हुन्छ (अधिकारी, २०६८ : ११९) । छनोटमा उद्देश्य, तह, समयावधिका साथै पाठमा निहित भाषिका, रजिस्टर, शैली, माध्यम र भाषातत्त्वका कुराहरू एक अर्कासँग सम्बद्ध भई पाठको प्रकृति निर्धारण गर्न प्रयुक्त भएका हुन्छ । यसरी शिक्षणीय विषयवस्तु नै भाषिक पाठ्यवस्तु भएकाले यिनको छनोटमा प्रशस्त विवेक, सिप र दक्षताको आवश्यकता पर्छ ।

### २.२.४.२ स्तरण

स्तरण भन्नाले शिक्षण सिकाइका निम्ति छनोट गरेका कुराहरूलाई अपेक्षित तह वा कक्षा निम्ति शिक्षणयोग्य बनाउनु, सङ्गठित गर्नु वा स्तरीकृत बनाउनु भन्ने बुझिन्छ (पौडेल, २०६९ : २७७/७८) । कुनै पनि कुरा सिक्नु र सिकाउनुको एउटा सुनिश्चित क्रम हुन्छ । शिक्षण सिकाइको मनोवैज्ञानिक प्रक्रिया र प्रवृति अनुरूप सरलदेखि जटिल, ज्ञातदेखि अज्ञात, प्रत्यक्षबाट अप्रत्यक्ष, मूर्तबाट अमूर्त, नियमितबाट अनियमित तथा सामान्यबाट विशिष्टको अनुक्रममा बाँधिएको हुन्छ । यसरी स्तरण भनेको शिक्षण सिकाइका निम्ति उद्देश्यअनुसार छनोट गरिएका पाठ्यवस्तुहरूलाई व्यवस्थित तरिकाले सिकाउँदा मात्र पाठ्यक्रमले तय गरेका उद्देश्यहरू पुरा हुने गर्दछ ।

वास्तवमा भाषा पाठ्यपुस्तक स्तरीय र रुचिपूर्ण बनाउन छनोट र स्तरणको उचित व्यवस्थापन अपरिहार्य मानिन्छ । भाषा पाठ्यपुस्तकमा पाठ्यवस्तुका छनोट र स्तरणले विद्यार्थीको स्तर, तह, उमेर, आवश्यकता, औचित्य आदि अनुकूल सुहाँउदो र बुझिदो ढङ्गबाट पाठलाई प्रस्तुत गरिएको हुन्छ । भाषा पाठ्यपुस्तकमा विवेकपूर्ण छनोट र चक्रीय प्रकृतिको स्तरणले यससँग सम्बन्धित सुनाइ, बोलाइ, पढाइ र लेखाइसम्बनधी अभ्यास गराउन मार्गनिर्देश गर्दछ । अतः छनोट र स्तरण पाठ्यपुस्तक निर्माणको पूर्व सर्त हो भन्न सकिन्छ ।

## २.२.५ भाषा पाठ्यपुस्तक निर्माणका आधारहरू

### २.२.५.१ शब्दभण्डारको नियन्त्रण

भाषा पाठ्यपुस्तक निर्माणका आधारहरूमध्ये शब्दभण्डारको नियन्त्रण महत्त्वपुर्ण आधार हो । शब्दभण्डारको आपसी मेल र संयोजनबाट वाक्य तयार हुन्छन् र वाक्य वाक्यको आपसी श्रृङ्खलाबाट एउटा सुनिश्चित अभिव्यक्ति तयार हुन्छ (सिंह, २०७० :१२) । भाषा पाठ्यपुस्तकको निर्माण गर्दा सम्बन्धित तहका आधारभूत शब्दभण्डारको अत्याधिक उपभोग गरी नजानिँदो रूपले नयाँ शब्द प्रवेश गराउने र आगामी पाठहरूमा तिनको सान्दर्भिक आवृत्ति गर्ने प्रक्रिया अँगाल्नु पर्छ ।

### २.२.५.२ संरचनात्मक नियन्त्रण

भाषा सिकाइमा भाषालाई जटिल वा सरल बनाउने तत्त्व वाक्यात्मक संरचना पनि एक हो । वाक्यका प्रकारहरू (सरल, संयुक्त र मिश्र) तथा वाक्यतत्त्व र तिनको उपयुक्त संयोजनजस्ता भाषा संरचनासम्बन्धी कुराहरू पनि पाठ्यसामग्री निर्माणका चुनौतिपूर्ण पक्षहरू मानिन्छन् (भण्डारी र अन्य, २०६८ : २२३) । शब्दलाई जटिल तरिकाले उनेर लामा लामा वाक्य बनाउँदा विद्यार्थीको भाषा सिकाइ बोझिलो र जटिल हुन्छ । कहिलेकाहीँ छोटै वाक्य पनि तार्किक संगठन र संरचनामा उनिएको छ भने त्यो बुझाइमा बाधक हुन्छ । विद्यार्थको तह र बोधक्षमता अनुकूलका वाक्य र सङ्कथनमा पाठ्यपुस्तकहरू प्रस्तुत गर्नु पर्दछ ।

### २.२.५.३ विषयवस्तुको नियन्त्रण

पाठ्यपुस्तकहरूका पाठहरूमा दिइने सूचना, विचार वा घटनालाई तहअनुसार व्यवस्थित गर्नुपर्दछ । तहअनुसार विषयवस्तुको मात्रा तथा प्रस्तुतिको विस्तारलाई कम गर्नुलाई नै विषयवस्तुको नियन्त्रण भनिन्छ (अधिकारी, २०६८ : ११७) । विभिन्न विषयवस्तुलाई विद्यार्थीको रुचि, क्षमता र आवश्यकता आदिको ख्याल गरेर भाषा पाठ्यपुस्तक बनाउनु पर्दछ । विषयवस्तुको नियन्त्रण गर्दा स्वाभविक रूपले शब्दभण्डार, संरचना र सङ्गठन पक्षहरू पनि नियन्त्रित हुनु आवश्यक छ ।

### २.२.५.४ रुचि

पाठ्यपुस्तक निर्माण गर्दा फरक फरक रुचि भएका विद्यार्थीका लागि रुचिपूर्ण पाठ्यसामग्री निर्माण गर्नु जटिल र महत्त्वपूर्ण कार्य हो । साना कक्षामा कथा, कविता, संवाद र प्रबन्धहरू रोचक हुन्छन् भने ठुला कक्षामा अन्य विधाका पाठहरू राख्नु पनि उपयुक्त हुन्छ । रुचिलाई सामाजिक, साँस्कृतिक आदि पक्षले पनि प्रभाव पार्दछ । अतः उपर्युक्त कुराहरूलाई ख्याल गरी पाठहरू निर्माण गरिएको भाषा पाठ्यपुस्तक बढी प्रभावकारी हुन्छ ।

### २.२.५.५ आवश्यकता

भाषिक आवश्यकता पुरा गर्ने ध्येयमा भाषा पाठ्यपुस्तक निर्मित हुनु पर्दछ । वैयक्तिक, सामाजिक, सामुदायिक, पेसागत, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आवश्यकताहरूसँग भाषा सिकाइ आवद्ध हुन्छ । विभिन्न किसिमका आवश्यकताका साथै विद्यार्थीका भाषिक आवश्यकतालाई विषयवस्तुसँग जोडी सम्बन्धित तहको समग्र शैक्षिक आवश्यकतासँग अन्तरसम्बन्धित बनाएर पाठ्यपुस्तक निर्माण गर्नुपर्दछ ।

### २.२.५.६ अन्य/विविध

भाषा पाठ्यपुस्तक निर्माण गर्दा यसका आन्तरिक र बाह्य विशेषताहरूमा पनि ध्यान दिनु आवश्यक हुन्छ । पाठ्यक्रमअनुरूपता, स्तरगत उपयुक्तता, अभ्यासात्मक विविधता र प्रस्तुतिगत उपयुक्तताजस्ता आन्तरिक विशेषताहरू पाठ्यपुस्तकमा राम्ररी निर्वाह गर्नु पर्दछ । वाह्य विशेषताका रूपमा पाठ्यपुस्तकको बनोट, आकारप्रकार, मोटाइ, छपाइ,

बधाँइ, अक्षराकार, अन्तराल, ठाँउ छोडाइ, कागतको गुणस्तर, मूल्य, सुलभता र अन्य विविध सूचना र प्रविधिको दृष्टिले पाठ्यपुस्तक उपयुक्त र आर्कषक हुनु जरुरी छ ।

### २.२.६ पाठ्यपुस्तक निर्माण योजना

भाषा पाठ्यपुस्तक निर्माण तथा सम्पादन गर्ने लेखक तथा सम्पादकहरूले पाठ्यपुस्तक निर्माण पूर्व गरिने तयारीप्रति संवेदनशील बन्नैपर्छ । जस्तैः पाठ्यक्रम अध्ययन, आवश्यकता विश्लेषण, विषयवस्तु छनोट, विधा प्रस्तुति, वितरण, आकारप्रकार, अभ्यास, आदि (भण्डारी र अन्य, २०६८ : २१२) । पाठ्यपुस्तक निर्माण अत्यन्त महत्त्वपूर्ण कार्य भएकाले विना योजना यसको सफलता सम्भव छैन । भाषा पाठ्यपुस्तकमा समावेश गरिने कुराले भाषिक सिपको विकासमा के कति सहयोग गर्दछन् भन्ने कुरालाई पनि मध्यनजर गर्नु पर्दछ ।

#### २.२.६.१ विषयवस्तु

भाषा पाठ्यपुस्तकमा विभिन्न क्षेत्रहरूबाट विषयवस्तु चयन गर्नु पर्दछ । भाषा पाठ्यपुस्तकमा भाषा, साहित्य र भाषाविज्ञानसँग सम्बन्धित विषयवस्तुहरू समावेश गरिएका हुन्छन् । विषयवस्तु छनोट गर्दा विद्यार्थीको तह, कक्षा र उमेरलाई आधार बनाई अनावश्यक विषयवस्तु हटाएर महत्त्वपूर्ण एवम् अत्यावश्यक विषयवस्तु छनोट गर्नु पर्दछ ।

#### २.२.६.२ विधा

कुनै निश्चित संरचनात्मक ढाँचामा प्रस्तुत गरिएको भाषिक विषयवस्तुलाई विधा भनिन्छ । विधाभित्र निहित विषयवस्तुले भाषिक सिपहरूको विकासका लागि साधनको काम गर्दछ । त्यसैले के कस्ता पाठ्यवस्तुलाई के कस्ता विधा वा संरचनामा प्रस्तुत गर्न सकिन्छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । उद्देश्यअनुरूप पाठ्यवस्तुहरू समेट्ने विधाको छनोट गर्नु उपयुक्त हुन्छ । एउटै विधाले विविध विषयवस्तुमा पनि संरचना पाएको हुन्छ । तसर्थ विषयवस्तु र विधागत विविधता दिनु पनि भाषा पाठ्यपुस्तकको अनिवार्य सर्त हो । कथा, काविता, निबन्ध आदि विधाहरूमा भाषिक सिपको विकास गर्ने विषयवस्तुहरू समावेश गरिनु पर्दछ ।

### २.२.६.३ पाठको वितरण

विधागत चयन पछि ती विधालाई पाठ्यपुस्तकामा प्रस्तुत गरिने पाठका रूपमा समावेश गरी उपयुक्त वितरण प्रक्रियाको प्रष्ट योजना बनाउनु पर्दछ । त्यसपछि उपयुक्त वितरण गर्ने योजना बनाउनु पर्दछ । विषयवस्तुकमो प्रकृतिअनुसार विधामा प्रस्तुत गर्नु अझ प्रभावकारी हुने ठानिन्छ । पाठ्यवस्तुको प्रयोजन महत्त्व तथा आवश्यकताअनुसार पाठमा ती कुराहरूलाई वितरण गरी प्रस्तुत गर्ने व्यवस्थित योजना बनाउनु पर्दछ ।

### २.२.६.४ पाठको आकारप्रकार

पाठको आकारप्रकारले पाठ्यपुस्तकको निर्माणमा विशेष भूमिका खेलेको हुन्छ । स्तर, तह कक्षाअनुसार पाठको संरचना निश्चित गर्ने योजना बनाउनु पर्दछ । पाठ्यपुस्तकमा सन्तुलित किसिमका पाठहरू वितरित हुनु आवश्यक हुन्छ । कुनै लामा कुनै छोटा भन्दा एउटै आकार संरचनाका पाठहरू वितरण गर्नु उपयुक्त हुन्छ । छोटा पाठलाई अगाडि र अलि लामो पछाडि स्तरण गर्नु पर्दछ ।

### २.२.६.५ पाठको प्रस्तुति

प्रस्तुति भन्नाले छनोट, स्तरण वा सुव्यवस्थित संगठनलाई बुझ्न सकिन्छ र छनोट भएका विषयवस्तुलाई पाठ्यपुस्तकमा के कसरी प्रस्तुत गर्ने जस्ता रखाइ प्रकृतिलाई समेत बुझाउन सकिन्छ । वितरण, आकारप्रकार आदिसँग पनि सम्बन्धित हुने यो खण्डले छनोट भइसकेका विषयवस्तुलाई सुव्यवस्थित र वैज्ञानिक बनाउन मद्दत गर्दछ । साथै पाठहरूको उपयुक्त प्रस्तुतिले मनोवैज्ञानिक र शिक्षणीय पक्षमा ध्यान पुऱ्याउन समेत मद्दत गर्दछ ।

### २.२.६.६ अभ्यास

अभ्यासबाट नै विद्यार्थीहरूमा भाषिक सिपको विकास हुन्छ र विद्यार्थी दक्ष बन्न सक्दछ । तसर्थ भाषिक सिपको शिक्षणलाई अभ्यासमूलक कार्यकलापमा केन्द्रित गराउने योजना बनाउनु पर्दछ । कस्ता अभ्यासहरूबाट भाषिक सिपको समुचित परिष्कार गर्न सकिन्छ भन्ने बारेमा योजनावद्ध र प्रष्ट दृष्टिकोण बनाई कार्यान्वयनमा ल्याएर सहज र कलात्मक ढङ्गले भाषिक सिप प्रदान गर्न सकिन्छ । पाठ्यपुस्तकमा पाठ्यअनुरूप सिपहरू विधाअनुरूप भाषातत्त्व तथा शब्दभण्डारगत अभ्यासहरूको संयोजन गरिनु पर्दछ ।

### २.२.७ विधागत वितरणको आधार

भाषाशिक्षणमा भाषिक सिपहरूको सिकाइमा जोड दिइन्छ । भाषिक सिपहरू सिकाउनका लागि विषयवस्तुको प्रयोग गर्नुपर्ने हुन्छ । विषयवस्तु विना भाषिक पाठ्यपुस्तकलाई प्रस्तुत गर्न सकिँदैन । तसर्थ विषयवस्तुलाई भाषाशिक्षण आधार सामग्री मानिन्छ । भाषा पाठ्यपुस्तकका हरेक पाठलाई विभिन्न विषयका माध्यमबाट भाषिक सिपको अभ्यास हुने गरी प्रस्तुत गरिएको हुन्छ । त्यसरी प्रस्तुत विषयवस्तुहरू पनि हरेक पाठमा विभिन्न ढाँचामा र शैलीमा प्रस्तुत गरिएको हुन्छ । सिकाइलाई रुचिपूर्ण र भाषिक अनुभवका लागि विविधतापूर्ण बनाउनका लागि विभिन्न ढङ्ग ढाँचामा प्रस्तुत गर्नु जरुरी हुन्छ ।

विषयवस्तु प्रस्तुतिको भिन्नतालाई विधा भनिन्छ । विधाअन्तर्गत साहित्यका कविता, कथा, जीवनी, रूपक आदि पाठहरू पर्दछन् । त्यस्ता विधाबाट विषयवस्तुको ज्ञान, भाषिक अनुभव, बोध, शब्दभण्डारको विकास, विभिन्न किसिमका अभिव्यक्तिको रचना क्षमतामा वृद्धि, शुद्धोच्चारण, वर्णविन्यासको शुद्ध प्रयोग, साहित्यप्रति झुकाव, स्वध्ययन गर्ने बानी, सिर्जनात्मक विकास आदिको अपेक्षा गर्न सकिन्छ । कक्षा सातको नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त केही विधाहरूको छोटो चिनारी निम्नअनुसार उल्लेख गर्न सकिन्छः

#### २.२.७.१ कविता

कविता मूलतः पाठ्य श्रव्य विधा हो । सरल भाषामा लेखिएका कविताहरूको लय तथा भावले बालहृदयलाई आनन्दित गराउने हुँदा यसका माध्यमबाट बालबालिकाको शुद्ध उच्चारण गर्ने तथा लय हाली पढने बानीको विकास गराउन सकिन्छ । कविता साहित्यको अत्यन्त सुन्दर र कोमल विधा हो । यो लयवद्ध र भावमय हुन्छ । प्रारम्भिक तहमा कविता विधा शिक्षण गर्नु भनेको गति यति मिलाई लयबद्ध रूपमा सस्वर पठनको अभ्यास गराउनु मात्र हो । कविताको शिक्षणबाट बालबालिकालाई साहित्यप्रति अभिरुचि जगाउन, उच्चारणमा सुधार गराउन, शब्दभण्डार र रचना सामर्थ्य विकास गराउन तथा सृजनात्मकताको विकास गराउन सकिन्छ ।

#### २.२.७.२ कथा

कथा गद्य साहित्यको एउटा हाँगो हो । कथाका माध्यमबाट विद्यार्थीलाई कुनै पनि निरस विषय सरस र रुचिपूर्ण तरिकाले सिकाउन सकिन्छ । कथाको शिक्षणबाट बालकमा कल्पना शक्तिको विकास गराउन सकिन्छ । यसले कथावाचन र कथाकथन गर्न सक्ने

क्षमताको विकास गर्न सहयोग पुऱ्याउँछ । स्मरण शक्तिको समुचित विकास गराउन पनि कथा विधा महत्त्वपूर्ण मानिन्छ ।

### २.२.७.३ प्रबन्ध

बालबालिकाहरूलाई आफूले देखेका, अनुभव गरेका र भोगेका कुराहरू सिलसिला मिलाई लिखित रूपमा व्यक्त गर्न सिकाउनु नै प्रबन्ध विधाको मुख्य उद्देश्य हो । प्रबन्धले विचारलाई संगठित रूपले प्रस्तुत गर्न सहयोग पुऱ्याउँछ । प्रबन्ध प्रौढ र बौद्धिक विधा हो । यसबाट पठनबोधको विकास गराउन सकिन्छ । यस बाहेक प्रबन्धलाई सुनाइ, बोलाइ, पढाइ र लेखाइका साथै शब्दोच्चारण, हिज्जे तथा अन्य भाषिक संरचनाका अभ्यासहरू पनि गराउन सकिन्छ ।

### २.२.७.४ जीवनी

भाषाका मौखिक तथा लिखित बोध एवम् अभिव्यक्ति सिपको विकास गर्नु जीवनी विधाको उद्देश्य हो । यो विधा विशिष्ट व्यक्तित्वका जीवनमा घटेका घटनाहरूलाई आधार मानी प्रस्तुत गरिने हुँदा यसका माध्यमबाट त्यस्ता विशिष्ट व्यक्तित्व एंव चरित्रहरूको मौखिक तथा लिखित वर्णन गर्ने सिपको विकास गराउन सकिन्छ । यसका अतिरिक्त यस्ता पाठहरूबाट सस्वर तथा मौन पठन, श्रुति लेखन, जीवनी लेखन, मौखिक तथा लिखित रूपमा प्रश्नोत्तर, बुँदा टिपोट, शब्दको उच्चारण, अर्थ र प्रयोग आदिजस्ता क्रियाकलाप गराउन सकिन्छ ।

### २.२.७.५ चिठी

चिठी लेख्य कार्यकलाप भएकाले यस अन्तर्गत घरायसी चिठी, कार्यालयीय/व्यवसायीक चिठी, निवेदन, शुभकामना पत्र, निमन्त्रणा पत्र लेखनको अभ्यासमा जोड दिनु पर्दछ । चिठीलेखन कार्यबाट विद्यार्थीहरूमा लेखन सिपको विकास गर्न मद्दत मिल्छ । यस क्रममा पाठमा प्रस्तुत चिठी, निवेदन आदिको नमुना उपयोग गरी तिनको ढङ्ग, ढाँचा र विभिन्न अङ्गको सोदाहरण परिचयसमेत दिई अभ्यास गराउन सकिन्छ । बालबालिकाहरूमा विभिन्न किसिमका चिठीहरू सिलसिला मिलाएर लेख्ने सिपको विकास गराउन सकिन्छ ।

### २.२.७.६ रूपक

रूपक अभिनयप्रधान विधा हो । रूपकभित्र कथावस्तु, चरित्र तथा दृश्यहरूको रङ्गमञ्चमा देखाउन सकिने गरी संयोजन गरिएको हुन्छ । रूपकअन्तर्गत अभिनय वा सम्पूर्ण दृश्य काव्य पर्दछन् । मान्छेका अगाडि अभिनयात्मक रूपमा कुनै सन्देश दिनु ज्यादै नै प्रभावकारी हुन्छ । रूपकले मान्छेलाई मौखिक भाषामा अभ्यस्त बनाएर हाउभाउ, चेष्टा, मुखमुद्रा मिलाएर प्रभावकारी रूपमा अभिनयात्मक भाषाको प्रयोग गर्ने सिप सिकाउँछ । रूपक अन्तर्गत संवाद, वादविवाद, एकाङ्की र नाटक आदि विधाहरू पर्दछन् ।

## २.२.८ भाषा पाठ्यपुस्तकमा पाठ छनोट प्रक्रिया

### २.२.८.१ पाठ्यक्रम

कुनै पनि पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यक्रमले तोकेअनुसारका विषयवस्तुहरू समेटी पाठ्यपुस्तक निर्माण गर्नु पर्दछ । वर्तमान पाठ्यक्रममा उल्लेख भएबमोजिम सम्पूर्ण कुराहरू समेटिने गरी पाठ्यपुस्तक निर्माण गर्नु पर्दछ । त्यस्तै पाठ छनोट गर्दा पनि पाठ्यक्रममा कस्ता कस्ता खालका पाठहरू तोकिएको छ सोहीअनुसार पाठको छनोट गर्नु पर्दछ ।

### २.२.८.२ विषयविशेषज्ञको सुझाब

पाठ छनोटका क्रममा कस्ता पाठहरू त्यो स्तरका विद्यार्थीहरूका लागि ठिक हुन्छन् भनेर विषयविशेषज्ञको सुझाव लिई पाठ छनोट गर्नु पर्दछ ।

### २.२.८.३ विद्यार्थीको मनोविज्ञान

पाठ छनोट गर्दा विद्यार्थीहरूको मनोविज्ञानलाई पनि राम्रोसँग बुझ्नु पर्दछ । विद्यार्थीहरूले कस्ता पाठ बुझ्न सक्छन्, कस्ता पाठहरू उनीहरूलाई उपयुक्त हुन्छन् भनी विद्यार्थीहरूको मनोविज्ञानलाई बुझेर पाठ छनोट गर्नु पर्दछ ।

### २.२.८.४ आधुनिक समाज

आधुनिक समाजअनुसार मान्छेका इच्छा र चाहाना पनि परिवर्तन हुँदै जान्छन् । त्यहि समाजमा कस्तो खालको शिक्षाको आवश्यकता छ त्यहीअनुसार विधाहरूको छनोट गर्दा समाजको चाहनालाई ख्याल गरेर छनोट गर्नु पर्दछ ।

### २.२.८.५ शिक्षकको सल्लाह

पाठ्यपुस्तकमा विभिन्न विधाका पाठहरू समावेश गर्नु पर्ने हुन्छ । यस्ता पाठ छनोटमा शिक्षकको सल्लाह अत्यावश्यक हुन्छ । अनुभवी तथा दक्ष शिक्षकको सहयोगमा कस्ताकस्ता पाठहरू त्यो स्तरका विद्यार्थीका लागि उपयुक्त हुन्छ भनी सल्लाह लिएर नमुना पाठ छनोट गर्नु पर्दछ । शिक्षकले नै विद्यार्थीहरूको स्तर र क्षमता पत्ता लगाएर त्यहि अनुसारको सल्लाह दिन सक्छ । त्यसैले पाठ छनोटका लागि शिक्षकको सल्लाह लिनु आवश्यक हुन्छ ।

### २.२.८.६ नमुना पाठ्यपुस्तक

विभिन्न विधाका पाठ छनोटको क्रममा पाठ्यपुस्तकलाई नमुनाका रूपमा लिएर त्यहाँ कस्ता कस्ता पाठहरू कति मात्रामा उपयुक्त छन भन्ने कुरालाई ख्याल गरी त्यहीअनुसार पाठ छनोट गर्न सकिन्छ ।

## अध्याय तिन

# शोधविधि तथा अध्ययन प्रक्रिया

### ३.१ विषय प्रवेश

खास विषय क्षेत्रको अध्ययन गर्दा आवश्यक पर्ने नमुना छनोट, तथ्याङ्क सङ्कलन र तथ्याङ्कको विश्लेषण प्रक्रियालाई अध्ययन विधि भनिन्छ । शोधका क्रममा अँगालिने क्रमबद्ध नियम, तरिका वा कार्यप्रणालीलाई शोध विधि भनिन्छ ( शर्मा र लुइँटेल :२०६८ : ९) । यसले अनुसन्धानलाई वस्तुगत आधार प्रदान गर्दछ । प्रस्तुत शोध गर्नका लागि सामग्री सङ्कलन गर्दा निम्न माध्यमिक तह कक्षा सातको नेपाली विषयको पाठ्यक्रम, कक्षा सातको नेपाली विषयको पाठ्यपुस्तकलाई सामग्री सङ्कलनको प्रमुख स्रोतका रूपमा प्रयोग गरी अध्ययन गरिएको छ ।

### ३.२ सामग्री सङ्कलनका स्रोत

शोधसँग सम्बद्ध विभिन्न सामग्रीहरूको खोज गरी तिनलाई एकत्रित गर्ने कामलाई सामग्री सङ्कलन भनिन्छ (शर्मा र लुइँटेल : २०६८ : २९) । प्रस्तुत कक्षा सातको नेपाली पाठ्यपुस्तकको नमुना पाठ निर्माण' शोधकार्यमा सामग्री सङ्कलनका निम्न स्रोतहरूको उपयोग गरिएको छ ।

#### ३.२.१ प्राथमिक स्रोत

प्रस्तुत अध्ययनमा **आधारभूत शिक्षा पाठ्यक्रम २०६९** अन्तर्गत कक्षा सातको नेपाली विषयको पाठ्यक्रमलाई प्राथमिक स्रोत मानी अध्ययन गरिएको छ ।

#### ३.२.२ द्वितीयक स्रोत

प्रस्तुत अध्ययनमा नेपाली विषयका पाठ्यपुस्तक, कवि माधव घिमिरेद्वारा रचित **चैत-वैशाख** कवितासङ्ग्रह, हरि खनालद्वारा रचित **चर्चित पौराणिक कथाहरू**, ऋषिराम शर्माद्वारा रचित **आधुनिक नेपाली निबन्ध माला** निबन्ध सङ्ग्रह लगायत विभिन्न पुस्तकहरू, अप्रकाशित शोधपत्रहरू पत्रपत्रिका, जर्नलहरू,विभिन्न व्यक्तिका टिप्पणी, दृष्टिकोण, रायसुझावलाई सामग्री सङ्कलनको स्रोतको रूपमा उपयोग गरिएको छ ।

## ३.३ अध्ययन प्रक्रिया र पूर्वपरीक्षण

प्रस्तुत **कक्षा सातको नेपाली पाठ्यपुस्तकको नमुना पाठ निर्माण** अध्ययनमा प्राथमिक र द्वितीयक स्रोतबाट सङ्कलन गरिएका सामग्रीहरूलाई वर्णनात्मक एवम् विश्लेषणात्मक विधिद्वारा प्रस्तुत गरिएको छ । प्रस्तुत शोधकार्य मूल समस्यामा केन्द्रित भई उक्त समस्यासँग सम्बन्धित सामग्रीको सङ्कलन पुस्तकालयीय विधिबाट गरिएको छ । नमुना पाठको प्रयोगको लागि श्री कुशादेवी उच्च माध्यमिक विद्यालयका कक्षा सातमा अध्ययनरत विद्यार्थीमा यसको प्रयोग गरिएको छ । विभिन्न चारवटा विधा कविता, कथा, प्रबन्ध र जीवनीका पाठहरू छनोट गरी लेखकको परिचय, पाठअनुरूपका तस्बिर, शब्दार्थ र अभ्यास राखिएको छ । अभ्यासअन्तर्गत शुद्धोच्चारण, शब्दार्थ, वाक्यमा प्रयोग, प्रश्नोत्तर, सप्रसङ्ग व्याख्या, भाव स्पष्ट पार्ने प्रश्न, सिर्जनात्मक अभ्यास र कार्यमूलक व्याकरण सम्बन्धी कुराहरू राखिएको छ । पूर्व परीक्षणका लागि काभ्रेपलाञ्चोक जिल्लाअन्तर्गत श्री कुशादेवी उच्च माध्यमिक विद्यालय, कुशादेवीका कक्षा सातमा अध्ययनरत बाइस जना छात्रछात्रामा पठनपाठनपश्चात् पाठहरू स्तर अनुकूल छन् वा छैनन् भनी पूर्व परीक्षण गरी अङ्कन गरिएको छ । परीक्षण गर्दा विषयगत र वस्तुगत प्रश्नको माध्यमबाट गरिएको छ ।

प्रस्तुत शोधकार्यको अध्ययन प्रक्रिया निम्नानुसार रहेको छ :

(क) सम्बन्धित विषयको पाठ्यक्रम अध्ययन गरिएको छ ।

(ख) सम्बन्धित तहको सम्बन्धित विषयको पाठ्यपुस्तकको अध्ययन गरिएको छ ।

(ग) विद्यार्थीको तह, कक्षा र उमेरलाई आधार बनाई विषयवस्तु छनोट गरिएको छ ।

(घ) भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ भाषिक सिपको विकास गर्ने उद्देश्यले कविता, कथा , प्रबन्ध र जीवनी विधाको छनोट गरिएको छ ।

(ङ) स्तर, तह र कक्षाअनुरूप पाठको संरचना निश्चित गरिएको छ ।

(च) पाठको प्रस्तुतिका लागि विषवस्तुलाई व्यवस्थित र वैज्ञानिक बनाउन शीर्षक, पाठ्यवस्तु, चित्र, अक्षर आदिको रखाइमा ध्यान दिइएको छ ।

(छ) विधाअनुरूप भाषातत्त्व तथा शब्दभण्डारगत अभ्यासहरूको समायोजन गरिएको छ ।

(ज) प्रस्तुत अध्ययनमा सामग्री सङ्कलन, छनोट, स्तरण र प्रस्तुतीकरणको ढाँचामा केन्द्रित रही अध्ययन गरिएको छ ।

## अध्याय चार

# परिणाम तथा छलफल

(प्रस्तुत अध्यायअन्तर्गत कवि माधवप्रसाद घिमिरेद्वारा रचित 'पहाडी साँझ' कविता, हरि खनालद्वारा रचित 'श्रीकृष्ण र सुदामा' कथा, ऋषिराम शर्माद्वारा रचित 'वन र जीवन' प्रबन्ध र धर्मानन्द पन्तद्वारा रचित 'प्रेरक व्यक्तित्व : साहित्यकार पारिजात' जीवनी गरी जम्मा चारवटा नमुना पाठ समावेश गरी पाठअनुरूपका अभ्यास निर्माण गरिएको छ ।)

### नमुना पाठ एक (कविता)

## पहाडी साँझ

■ **माधवप्रसाद घिमिरे**



(कविको परिचय : नाम थर : माधवप्रसाद घिमिरे । जन्म : वि.स. १९७६ असोज ७ गते मङ्गलबार, गण्डकी अञ्चल लमजुङ जिल्लाको पुस्तुन गाउँ । स्थायी बसोवास : अलकावस्ती लैनचौर, काठमाडौँ । प्रथम प्रकाशित कृति : 'ज्ञानपुष्प' १९९२, गोरखापत्र । प्रकाशित प्रमुख कृतिहरू : गौरी (शोककाव्य), राजेश्वरी (खण्डकाव्य), किन्नर-किन्नरी (गीत सङ्ग्रह), सुनपङ्खी चरी (बालगीतसङ्ग्रह), मालती-मङ्गले (गीतिनाटक), चैत वैशाख (कविता सङ्ग्रह), बाला लहरी (बाल कविता सङ्ग्रह) आदि ।

माधवप्रसाद घिमिरे छन्दमा निकै निकै राम्रा कविता लेख्ने कवि हुन् । उनी नेपाली लोक गीतमा चलेका लोकलयको प्रयोग गरेर पनि कविता लेख्दछन् । उनका कविताको लय वा भाका निकै मिठो हुन्छ भने भाव पनि मुटु छुने खालको हुन्छ । उनका धेरैजसो कविता मन्दाक्रान्ता छन्दमा लेखिएका छन् । नेपाली माटोप्रति अगाध माया गर्ने उनी राष्ट्र कविका रूपमा सम्मानित छन् ।

प्रस्तुत 'पहाडी साँझ' कविता उनले वि.स. २०१२ मा लेखेका हुन् । यो पाठ घिमिरेले मन्दाक्रान्ता छन्दमा रचेको निकै प्रसिद्ध कविता हो । यो पाठ उनको चैत वैशाख भन्ने कविता सङ्ग्रहबाट लिई यहाँ राखिएको हो । यस कवितामा जम्मा चार अनुच्छेद छन् । यस कवितामा कविले मुख्य रूपमा यो कुरा भनेका छन् - जब साँझ हुन्छ त्यसबेला किसानले आफ्नो मेलो छोडेर जान्छ त्यस्तै खेतालीहरू पनि लहरै घरमा जानलाई उकालो चढ्छिन् । बिहान सूर्यले किरण छर्नेबित्तिकै मेलापात, घाँस दाउरा गर्न जानेहरू साँझ घर फर्कने बेलामा वरपिपलको चौतारीमा बस्छन् । त्यही पिपलमा सारौँ पन्छीहरू चिर्बिराउँदै मिठो गीत गाउँछन् । वास्नादार हावा बहिरहन्छ । खेताला युवायुवतीहरू एक आपसमा हाँस्छन्, रमाउँछन र साँझ झमक्क परेपछि आ-आफ्नो घरतिर फर्किछन् । कविले चैत वैशाखको साँझमा मौरीहरू फूलको रस बटुलेर मह सञ्चय गर्छन्, युवायुवतीहरू एकआपसमा मायाप्रेम गरेर आनन्दित हुन्छन् भन्ने कुरा समेत प्रकट गरेका छन् आदि ।)



पारी भित्ता भिरतिर जसै चढ्छ लाली पहेँलो
खेतालाले अनि त त्यतिमै आजको छोड्छ मेलो ।
खेतालीका लहर घरमा जान लाग्छन् उकाली
नाके डाँडीउपर पसिना-विन्दु साना निकाली ॥१॥

बेहानैका किरनहरूको साथमा निस्किएका
मेलापाता बन चउरमा फाँटमा फैलिएका ।
बाटाघाटा सकल घरमा फर्किए साँझ पारी
चौतारीको वरपिपलको बोटमा माझ पारी ॥२॥

सारौं पन्छी पिपल रुखमा गाउछँन् चिर्बिराई
चौतारीको सिरिसिरि हावा चल्छ बास्ना बहाई ।
खेतालाका युवकयुवती हाँस्तछन खिल्खिलाई
उठ्छन् सन्ध्या-समय सुनका टाकुरा झिल्झिलाई ॥३॥

लान्छन मौरीहरू कुसुमको सार पाहारबाट
लान्छिन् सन्ध्या रङ र रचना लेकमा फाँटबाट ।
हाँसीहाँसी युवकयुवती हेर, लान्छन् कि क्यार
गाईगाईकन दिनभरी लाइएको पियार ॥४॥

## अभ्यास

### पढाइ र बुझाइ

१. पाठमा प्रयोग भएका विशेष शब्दको सुची र तिनका वर्ग, बनोट र अर्थका साथ तल दिइएको छ। तिनलाई राम्ररी पढ र बुझ :

| | | |
|---|---|---|
| *भिर* | = | *(नाम) चढ्न, जान कठिन हुने ठाडो पहरो, अक्कर* |
| *लाली* | = | *(लाल् + ई) नाम, रातो वर्ण, रातो रङमा हुने सौन्दर्य, लालिमा* |
| *खेताला* | = | *(नाम) खेतवारीमा काम गर्ने श्रमिक, कृषि मजदुर* |
| *मेलो* | = | *(मेला + ओ) नाम, खेतिपातीको काम, त्यस्तो काम धन्दा* |
| *लहर* | = | *ताँती, हार, पङ्क्ति, हरफ* |
| *उकाली* | = | *(उकालो + ई) नाम, सानो उकालो* |
| *नाके डाँडी* | = | *नाकको डन्डी* |
| *उपर* | = | *(नामयोगी) माथि, मा* |
| *किरन* | = | *(नाम) प्रकाश, ज्योति, सूर्यको किरण* |
| *मेलापाता* | = | *(नाम) खेतबारीमा धेरै जना मिलेर गरिने काम, मेलो* |
| *चउर* | = | *(नाम) घाँस उम्रेको सम्म ठाउँ, चरन, खुला मैदान।* |
| *फाँट* | = | *(नाम) फैलिएको तथा सम्म परेको जमिन, टार, मैदान* |
| *चौतारी* | = | *(नाम) सानो चौतारो, चारकुना मिलाई ढुङ्गा, इट्टा आदिले केहि अग्लो पारी बनाइएको ठाउँ।* |
| *वर* | = | *बाक्ला पात र ठुल्ठुला हाँगा भएर झाँगिने एक प्रकारको रुख, वटवृक्ष* |
| *पिपल* | = | *(नाम) टुप्पापट्टि चुच्चो परेको बाटुलो र चिल्लो पात हुने एक खालको रुख* |
| *सारौं पन्छी* | = | *(नाम) चुच्चो र खुट्टा पहेँलो र जीउ चाहि केहि कालो हुने गौथलीभन्दा केहि ठुलो एक प्रकारको चरो, रूपी* |
| *सिरिसिरि* | = | *सिरसिर, हावा चल्नु* |
| *बास्ना* | = | *बासना, बास, सुगन्ध, सुवास* |
| *युवकयुवती* | = | *सोह्र वर्ष माथिको उमेरका केटाकेटी, तन्नेरी* |

| | | |
|---|---|---|
| *खिल्खिलाई* | = | *खितखित हाँस्नु* |
| *सन्ध्या-समय* | = | *(नाम) बिहान र साँझको समय, दिन र रातको सन्धिको समय* |
| *टाकुरा* | = | *(नाम) पहाडको उच्च ठाउँ, उच्च भाग, चुचुरो, शिखर, टुप्पो* |
| *झिल्झिलाई* | = | *(क्रियायोगी) कुनै वस्तु टल्किनु, चम्किनु, तिरमिराउनु* |
| *पाहार* | = | *सूर्यको ताप, घाम* |
| *रङ र रचना* | = | *विचित्र वस्तु र त्यसको निर्माण* |
| *लेक* | = | *(नाम) पहाडको माथिल्लो भाग* |
| *क्यार* | = | *(निपात) सन्देह, आशंका, अनिश्चिय वा सम्भावना जनाउँन प्रयोग हुने शब्द, क्यारे* |
| *पियार* | = | *(नाम) कसैलाई गरिने माया, प्रेम, स्नेह, माया प्रिती* |

**अभ्यास**

१. 'पहाडी साँझ' कवितालाई गति, यति र लय मिलाएर पढ ।

२. तल दिइएका शब्दहरूको शुद्ध उच्चारण गर :

भित्ता, डाँडीउपर, साँझ, सारौं, युवकयुवती, सन्ध्या-समय, कुसुम, हाँसीहाँसी, क्यार

३. तल दिइएका प्रश्नहरूको एक एक वाक्यमा उत्तर देउ :

क) कवितामा खेतालाले कतिबेला मेलो छोडछु भनिएको छ ?

ख) किसानहरू किन चौतारीमा बस्छन् ?

ग) वरपिपलको रुखमा कुनकुन पन्छीहरू चिर्बिराउँछन् ?

घ) कवितामा मौरीले कुसुमको सार कसरी बटल्छु ?

ङ) कवितामा हाँसीहाँसी युवकयुवती के गर्छन् भन्ने कुरा अगाडी सारिएको छ ?

च) खेतालीका लहर कतिबेला घर फर्किन्छन् ?

छ) सन्ध्या समय भन्नाले के बुझिन्छ ?

४. दिइएको शब्दको अर्थ लेख :

लाली, फाँट, सिरिसिरी, वास्ना मैलो

५. तल दिइएको शब्दहरू अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

पसिना, मेलापात, खिलखिल, टाकुरा, विचार

६. तल दिइएका प्रश्नहरूको छोटाछरितो उत्तर लेख :

क) कवितामा किसानको बारेमा के कुरा भनिएको छ ?

ख) साँझपख पहाडमा देख्न पाइने कुराहरू के के हुन् ?

ग) वरपिपलको चौतारीमा को-को जम्मा हुन्छन् ?

घ) मौरीहरूले कसरी कहाँबाट मह जम्मा गर्दछन् ?

ङ) युवायुवतीहरू हाँसीहाँसी के गर्छन् ?

च) 'पहाडी साँझ' कवितामा कविले के -के कुराहरू अगाडि सारेका सारेका छन् ?

छ) यस कवितामा टाकुरामा टाकुराहरू कतिबेला झिल्झिलाएर उठ्छन् भनिएको छ ?

७. उदाहरणमा दिएजस्तै कविताका हरफलाई वाक्यमा लेख :

लान्छिन् सन्ध्या रङ र रचना लेकमा फाँटबाट

हाँसीहाँसी युवकयुवती हेर, लान्छन क्यार

गाईगाईकन दिनभरी लाइएको पिचार

उदाहरण :

मौरीहरू पहारबाट कुसुमको सार लान्छन् ।

लान्छन् मौरीहरू कुसुमको सार पहारबाट

८. पहाडी साँझ कविताले भन्न खोजेको कुरा आफ्नै भाषामा लेख :

९. भाव विस्तार गर :

सारौं पन्छी पिपल रुखमा गाउँछ चिर्बिराई

चौतारीको सिरिसिरि हावा चल्छ बास्ना बहाई

१०. सप्रसङ्ग व्याख्या गर :

बेहानैका किरनहरूको साथमा निस्किएका

मेलापाता वन चउरमा फाँटमा फैलिएका

**सिर्जनात्मक अभ्यास**

क) तिमीलाई मन पर्ने एउटा कविता लेख ।

ख) तिमीलाई मन पर्ने कविको वर्णन गर्दै एक अनुच्छेद लेख ।

## कार्यमूलक व्याकरण

### शब्द भण्डार परिचय

कुनै पनि भाषामा अनगिन्ति शब्दहरू रहेका हुन्छन् ती शब्दहरू विभिन्न स्रोतबाट आई विभिन्न अर्थ जनाउन प्रयुक्त हुन्छन् । यही शब्द समुहलाई शब्द भण्डार मानिन्छ ।

### पर्यायवाची शब्द

| शब्द | पर्यायवाची शब्द |
|---|---|
| अकस्मात् | अचानक, अपर्झट, एक्कासी |
| अमृत | पीयूष, सुधा |
| आँखा | नयन, चक्ष, लोचन, नेत्र |
| आकाश | गगन, अन्तरिक्ष, नभ सगरु व्योम |
| आमा | माता, मुमा, जननी |
| ईश्वर | इश, भगवान, देव, परमेश्वर, जगदीश्वर |
| कोसिस | प्रयत्न, प्रयास, जमर्को, यत्न, चेष्टा |
| चन्द्रमा | शशि, जुन, इन्दु, निशाकार |
| दुःख | कष्ट, पीडा, पाप, वेदना, व्यथा |
| देश | राष्ट्र, मुलुक |
| धन | सम्पत्ति, पूँजी, अर्थ, रूपैया |
| नयाँ | नव, नुतन, नवीन |
| पृथ्वी | धरती, भूमि, बसुन्धरा |
| रुख | वृक्ष, तरु, प्रुन |
| सूर्य | रवि, भानु, भाष्कर, आदित्य, दिवाकर |
| हावा | पवन, वायु, समीर, मारुत |

### विपरीतार्थक शब्द

| | |
|---|---|
| असल | खराब |
| अखण्ड | खण्ड |
| अर्पण | ग्रहण |
| आय | व्यय |

| | |
|---|---|
| आस्तिक | नास्तिक |
| उत्थान | पतन |
| आकास | पाताल |
| गाउँ | सहर |
| निरपेक्ष | सापेक्ष |
| उज्यालो | अँध्यारो |
| इज्जत-बेइज्जत | गुन- बैगुन |
| लाभ | हानी |
| साक्षर | निरक्षर |
| आशा | निराशा |
| शिक्षित | अशिक्षित |
| आदि | अन्त |
| स्वर्ग | नर्क |

माथि दिइएका पर्यायवाची र विपरीतार्थी शब्दहरूको अध्ययन गरी तलका अभ्यास गर

१) निम्नलिखित शब्दहरूको पर्यायवाची शब्द लेख

आमा, पिता, उपहार, गरिब, थुप्रो, पोखरी, स्वास्नी, खुट्टो, हात, दिन

२) तल दिइएका शब्दको विपरीतार्थक शब्द लेख :

| | | |
|---|---|---|
| आशा | रित्तो | मूर्ख |
| जन्मनु | अगाडि | सुखी |
| स्वर्ग | टाढा | बालक |
| आकाश | राम्रो | धनी |
| नयाँ | प्रेम | |

**श्रुतिसमभिन्नार्थक शब्द**

| | | |
|---|---|---|
| अन्य- अरू, अर्को, | आँट - साहस | आदि- थालनी |
| अन्न- अनाज, | आँत- भित्री भाग | आँधी - हुरी |
| अपेक्षा - इच्छा | कृति - रचना, काम | गर्भ - पेट |

| | | |
|---|---|---|
| उपेक्षा - बेवास्त | कीर्ति - ख्याति, नाम | गर्व - अहङ्कार, घमण्ड |
| ढोका - दैलो | धोको - छलकपट | |

तल दिइएका शब्दहरूलाई वाक्यमा प्रयोग गर :

| | |
|---|---|
| फेरि | अर्को पटक |
| फेरी | फेरेर |
| काट | टुक्रा गर |
| काँट | छाँट |
| दाइ | दाजु |
| दाइँ | पराल माड्ने काम |

**नमुना पाठ दुई (कथा)**

**पौराणिक कथा**

# श्रीकृष्ण र सुदामा

-हरि खनाल



*(कथाकार परिचयः नाम थरः हरि खनाल, जन्मस्थान : मुरलीभञ्याङ-६ धादिङ, शैक्षिक योग्यता : एम.एड., एम.फिल., प्रमुख प्रकाशित कृतिहरू : चटकी मामा, भुतको कपर्दी (कथा सङ्ग्रह), साथी (उपन्यास), चर्चित पौराणिक कथाहरू(कथा सङ्ग्रह) आदि ।*

*कथाकार हरि खनाल एक पौराणिक कथाकार हुन् । उनले यस कथामा कृष्ण र सुदामाका बिचमा सानो छँदादेखिको एक अर्का मित्रप्रतिको सुमधुर सम्बन्धलाई उल्लेख गरेका छन् । उनले मिठो भाषाशैलीमा महाभारत पुराणका विषयलाई लिएर कथा लेखेका छन् । श्रीकृष्ण र सुदामा एक चर्चित पौराणिक कथा हो । यस कथाले हामीहरूले आफ्नो मित्रप्रति राम्रो व्यवहार गर्नुपर्छ भन्ने सन्देश दिन खोजेको छ ।)*



श्रीकृष्ण र सुदामा गुरु सन्दिपनीजीको आश्रममा बसेर पढने साथी थिए । उनीहरू एक आपसमा ज्यादै प्रेम गर्दथे । गुरुआश्रममा बसेर विद्याध्ययन गर्नुका अतिरिक्त उनीहरू गुरु आदेश शिरोपर गर्दै गुरुले लगाएका काम गर्न जान्थे । एक पटक गुरुआमाले स्नेहपूर्वक ती दुवैलाई केही खाजा दिएर दाउरा खोज्न पठाएकी थिइन् । खाजा सुदामाले बोकेका थिए । बनमा दाउरा खोजिरहेका बेलामा उनलाई ज्यादै भोक लाग्यो उनले श्रीकृष्णलाई नदिई एक्लै खाजा खाए । त्यो कुरा गुरुआमाले थाहा पाइन् । गुरुआमाले क्रोधित हुँदै सुदामालाई श्राप दिइन् "तँ दरिद्र भएस् ।" त्यतिबेला आफ्नो साथीलाई श्राप दिएको सुनेर श्रीकृष्ण पनि दुःखी


भए । सुदामाले श्रीकृष्णसँग धेरै पटक माफी पनि मागे तर गुरुआमाको श्राप त्यत्तिकै टर्दैनथ्यो । गुरुआश्रममा बसेर अध्ययन गर्ने अवधि समाप्त भयो । श्रीकृष्ण र सुदामा पनि अरूजस्तै गरी आ-आफ्नो घरमा फर्किने बेला आयो । छुट्टिने बेलामा ती दुवै एकअर्कालाई स्नेह गरेर बेस्सरी रोए । अन्ततः श्रीकृष्ण द्वारका फर्किए भने सुदामा आफ्नो गाउँमा फर्किए ।

सुदामा गृहस्थी जीवन बिताइरहेका थिए । उनकी सत्या नाम गरेकी पत्नी थिइन् । सुदामा भजन गाउँथे उनको जिब्रोमा 'श्रीकृष्ण' शब्द झुन्डिएको हुन्थ्यो । सडकमा भजन गाएर स्रोता र दर्शकसँग पाएको र यदाकदा गरिने पुरोहित संस्कारबाट आएका पैसाले उनी दालचामल किन्थे र घरमा लगेर घर परिवारको भोक टार्थे । उनका घरमा भोलिका लागि खाद्यान्न हुँदैनथ्यो । उनी भन्थे "भगवानले टार्छन् ।"

बिस्तारै बिस्तारै बालबालिकाहरू ठुला हुँदै गए, उनले मागेर ल्याएको भिक्षाले उनको गुजारा चल्न छाड्यो । उनी गुरुआमाको श्रापका कारण दिनप्रतिदिन दरिद्र हुदै गए । घरमा कलह बढ्न थाल्यो । जहाँ दरिद्रताले बास गर्छ त्यहाँ कलहले साम्राज्य बनाउँछ । त्यस्तै भयो सुदामाको घरमा । केटाकेटी 'आमा भोक लाग्यो' भन्थे । सुदामाकी पत्नी हुन्थिन् । दरिद्रताको कारण सुदामाको घरमा शान्ति हुन छोड्यो । बालबालिकाहरू भोकभोकै सडक सडकमा मागेर खाने हालतमा पुगे । सुदामा भने श्रीकृष्ण श्रीकृष्ण मात्र भनेर हिँडथे । दरिद्रताका कारण उनको शरीर सुकेर सिन्काजस्तो हुन थाल्यो । विपनन्तामा को आफ्नो हुन्छ र ? सुदामालाई सबैले हेप्न थाले । उनले पसल बजारमा उधारो पाउन छोडे । पहिले किनेकै बाँकी रहेकाले उनको झोली रित्तो हुन थाल्यो । सुदामा थकित र निराश मुद्रामा रातिमात्र घर पुग्न थाले । घरमा लालाबाला बाबुले खानेकुरा ल्याउने आशामा पर्खिरहेका हुन्थे । एक रात उनकी पत्नीले सुदामालाई भनिन् "तपाई श्रीकृष्ण श्रीकृष्ण भनेर मात्र हिँड्नुहुन्छ तर श्रीकृष्णलाई भेट्नचाहिँ किन जानुहून्न ?कतै यो दरिद्रतालाई उहाँले नै पो हरिदिनुहन्छ कि ?"

"हत्, दरिद्रता हटाइदेऊ भन्न पनि श्रीकृष्ण कहाँ जानुहुन्छ, भेट्नसम्म चाँहि जानै पर्ने हो । धेरै वर्ष भयो, कस्तो भयो होला त्यो कन्हैया । द्वारिकाधीश भयो भन्छन् तर एउटा कङ्गाल साथी धनी साथीकहाँ गएर कसरी सम्मानित हुन्छ ?" सुदामाले भने ।

'तपाईंको कुरा गलत होइन, उहाँसँग माग्नु पर्दैन, भेट्न त जानुहोस् ।' सत्याले सम्झाइन । सुदामाको मनमा श्रीकृष्ण प्रतिको अगाध आस्था र अनुरागले पकड जमाइसकेको थियो । भोलिपल्ट बिहानै सुदामा द्वारका जाने तयारी गर्न थाले । उनकी पत्नीले छिमेकबाट मागेर ल्याएको कनिकाको पोको बनाएर श्रीकृष्णको लागि कोसेली बनाइदिइन् । सुदामा त्यहि कनिकाको पोको बोकेर द्वारिकातर्फ प्रस्थान गरे । उनको यात्रा बडो कष्टमय थियो । खाली खुट्टामा एउटा लौरो टेकेर हिँडेका सुदामा हिँड्दा हिँड्दा थकित र गलित भए । कैंयो दिनसम्म श्रीकृष्ण श्रीकृष्ण भनेर हिँडेका उनी बल्ल तल्ल द्वारिकाको गेटमा पुगे । पालहरूले द्वारकालाई घेरा हालेका थिए । शरिर भरी घाउ भएको र खुट्टा काँडैकाडाले कोरेर रगताम्य भएको थकित माग्नेले श्रीकृष्णको नाम लिएपछि द्वारपालहरू छक्क परे । धेरैले उनलाई पागल ठाने र त्यहाँबाट जान भने । अन्तरयामी श्रीकृष्णले भने सुदामा द्वारिकातर्फ आएको छनक पाइसकेका थिए । उनको दिव्यचक्षुले सुदामाको हरेक यात्रा र कष्टलाई नजर गरिरहेको थियो । श्रीकृष्ण बालसखा सुदामालाई भेट्न व्यग्र प्रतिक्षा गरिरहेका थिए ।



उता द्वारपालहरूका कारण सुदामा अर्कै बाटो लागिरहेका थिए । सुदामाको गति देखेर श्रीकृष्णले मन थाप्न सकेनन् । रुक्मिणीले चमर हल्लाइरहेको भएपनि त्यसलाई छोडेर उनी बाहिर दुगुर्न थाले । उनको मुखबाट सुदामा ! सुदामा ! सुदामा ! मात्र आइरहको थियो । मान्छेहरू चकित थिए । एकातिर सुदामा श्रीकृष्ण ! श्रीकृष्ण ! भनेर लौरो टेकेर घस्रदै थिए भने अर्कातिर श्रीकृष्ण सुदामा ! सुदामा ! सुदामा ! भनेर दौडिदै । अन्ततः श्रीकृष्णले सुदामालाई भेटे। उनले

सुदामालाई जमिनबाट उठाएर अँगालोमा बाँधे । सुदामाका लागि त्यो सपना जस्तो थियो ।

“सुदामा तिमी भोकै छौ, तिमी धेरै दुब्लाएछौ, सायद धेरै दु:ख पायौ बाटोमा ? के गर्ने मैले तिम्रो लागि केही गर्न सकिँन । पाण्ड्रकले तिमीलाई धेरै दु:ख दियो मैले केही गर्न सकिँन तर तिमीले मेरो नाम भुलेनौ । मृत्युवरण गर्न तयार भयौ तर मेरो प्रेम छोडेनौ । मेरा लागि पनि तिमीभन्दा प्यारो अरू कोही छैन् ।” श्रीकृष्णको आँखाबाट पनि आँसु बर्बर झरिरह्यो ।

एउटा मैलो धुम्रो मान्छेलाई श्रीकृष्णले अँगालो हालेर उसकै लागि रोइरहेको दृश्य हेर्नेहरू चकित परे र सबैका आँखा आँसुले भरिए । वास्तवमा श्रीकृष्ण भक्त र सखाहरूका लागि कति मरिमेट्दा रहेछन भन्ने दृश्य द्वारकाका वरिपरी रहेकाले पहिलो पटक देखेका थिए । श्रीकृष्णले सुदामालाई लिएर गए र आफ्नो निवासमा बस्नुपूर्व पाउ पखाले । उनको खुट्टामा बिझेका काँडाहरू झिकिदिए र सत्कारपूर्वक चमरले हम्के । आराम गरिसकेपछि उनले घरपरिवार र केटाकेटीका बारेमा सोधपुछ गरे । उनीहरूले केहिबेर सँगसँगै गुरुआश्रम र गुरु सान्दीपनीको बारेमा स्मरण गरे । यसो गर्दा दुवैलाई आनन्द आइरहेको थियो ।

“के तिमीले मेरो लागि केही ल्याएनौ ?” अचानक श्रीकृष्णले सोधेपछि सुदामा केहिबेर अत्तालिए । “पत्नीले पठाएको कनिका कसरी त्यस्तो महलमा बस्ने द्वारिकाधीशलाई दिने ?” उनको मनमा कुरा खेल्यो ।

“अँह, छैन नि, केही नलिई आएँ भगवान” सुदामा बोले । तिमीले झुटो बोल्यौ सुदामा, मसँग झुटो बोलेको ? भाउजुले तिमीलाई यसै पठाउनुभएको छैन् । श्रीकृष्णले सुदामाको पटुकी छामछुम गरे । उनले तुरुन्तै एउटा गाँठो भेट्टाए । जसमा कनिको पोको पारिएको थियो । श्रीकृष्ण आफैले गाँठो फुकाए । लौ हेर, भाउजुले कति स्नेहपूर्वक मेरो लागि कोसेली पठाउनुभएको रहेछ । तिमी लुकाउन खोज्दै थियौ सुदामा । वास्तवमा मलाई कनिका धेरै मन पर्छ । गोकुलमा भएको बेला यशोदा मैँयाले मलाई कनिका खान दिनुहुन्थ्यो । वर्षौं भयो यसको खुब ठुलो तलतल थियो । भाउजुले पठाइदिनुभएको रहेछ

तिमीले नदिएका ? श्रकिृष्णले सुदामालाई प्रश्न गरे र प्रेमपूर्वक दुई मुठी जति कनिका मुखमा हालेर चपाए ।

केही दिन आराम गरिसकेपछि सुदामा श्रीकृष्णसँग विदा माग्न थाले । त्यस्तो द्वारिकामा भगवान श्रीकृष्णको पासमा बस्दा पनि सुदामाले घरको विपन्न अवस्था कहेनन् । र श्रीकृष्णसँग केही मागेनन् । बरु उनकै भक्तिमा मन लगाइरहे । "माग्नु भनेको भक्तिमा ह्रास आउनु हो । भक्तिमा ह्रास आउनु भनेको प्रेममा ह्रास आउनु हो ।" उनी ठान्दथे । श्रीकृष्णले धेरैपटक घरको हालखबर र धनधान्यको कुरा सोधेर सुदामाको मन विचार गरे । तर सुदामाले ठिक छ मात्र भने । यसबाट श्रीकृष्ण सुदामासँग झनै प्रभाावित भए । अन्ततः सुदामा श्रीकृष्णसँग भावपूर्ण विदा भएर हिँडे ।

गाउँमा पुग्दा सुदामाले आफ्नो पुरानो घर देखेनन् । त्यहाँ त भव्य महल थियो । जहाँ उनकी पत्नी बहुमूल्य कपडा र गरगहनाले सजिएर बसेकी थिइन् । छोराछोरीहरू राजश्री ठाँटमा थिए । "त्यो कसरी भयो ?" उनले पत्नीलाई सोधे ।

"जब तपाईं उहाँ जानुभयो तब यो कृपा भयो । रातारात भगवान श्रीकृष्णले यो कृपा गर्नुभयो । धन्य श्रीकृष्ण । " उनकी पत्नीले भनिन् । सुदामा चिच्याए "हे कृष्ण ! कृष्ण ! कृष्ण !"

**शब्दार्थ**

*गुरु* = *शिक्षक*

*विद्याध्ययन* = *विद्या प्राप्त गर्ने काम, शिक्षा लिने काम*

*शिरोपर गर्नु* = *मान्नु, आदेशको पालना गर्नु*

*स्नेहपूर्वक* = *मायाले, प्रेमपूर्वक*

*श्राप* = *गाली, कुभलो होस् भनी दिइएको वचन*

*अवधि* = *समय*

*समाप्त* = *सकिनु, पूर्ण हुनु*

*लालाबाला* = *छोराछोरी*

*दरिद्र* = *गरिब*

*कनिका* = *चामलका दाना टुक्रिएर बनेका कण*

*पाले* = *पहरेदार, सिपाही, रक्षक*

*द्वारका* = *द्वारिका देश*

*अगाध* = *धेरै, प्रशस्त*

*अन्तरयामी* = *हृदयको कुरा बुझ्ने, आँखाले प्रत्यक्ष रूपमा नदेखे पनि अन्तरदृष्टिबाट देख्ने*

*दिव्यचक्षु* = *अन्तर्मन*

*चकित हुनु* = *आश्चर्यमा पर्नु*

*मृत्युवरण गर्नु* = *मर्नु*

*निवास* = *बस्ने ठाउँ, घर*

*द्वारिकाधीश* = *द्वारिका देशका राजा*

*ह्रास* = *कमी*

*बहुमूल्य* = *धेरै मोल पर्ने*

*राजश्री* = *राजाका जस्तै*

*कृपा* = *आशिर्वाद*

**अभ्यास**

१. तलका शब्दहरू शुद्धसँग उच्चारण गर :

सन्दीपनी, स्नेहपूर्वक, दरिद्र, श्राप, द्वारका, श्रीकृष्ण, बल्लतल्ल, दिव्यचक्षु, रुक्मिणी, मृत्युवरण, वर्षौं, ह्रास, कृपा, विद्याध्यायन

२. तलका शब्दको अर्थ लेख :

स्नेहपूर्वक, श्राप, कलह, छक्क पर्नु, अन्तरयामी, कष्ट, मृत्युवरण गर्नु, अचानक, विपन्न, भक्ति

३. अर्थ खुल्नेगरी वाक्यमा प्रयोग गर :

ज्यादै, पुरोहित, शरीर, झोली, रगताम्य, पाले, गाँठो, राजश्री

४. तलको वाक्यलाई शुद्ध पारी कापीमा सार :

यक पटक गूरुआमाले स्नेहपुर्वक ति दुवैलाइ केहि खाजा दिएर दाउरा खोजन पठाएकी थिइन ।

५. तलका प्रश्नहरूको एक एक वाक्यमा उत्तर देऊ :

क) श्रीकृष्ण र सुदामाका गुरु को थिए ?

ख) गुरुआमाले खाजा कसलाई दिइन् ?

ग) सुदामाको विवाह कोसँग भयो ?

घ) सुदामालाई पसलेहरूले उधारो दिन किन छोडे ?

ङ) सुदामाकी पत्नीले उनलाई के सल्लाह दिइन् ?

च) श्रीकृष्णले सुदामालाई के सोधेका थिए ?

छ) यशोदाले गोकुलमा छँदा श्रीकृष्णलाई के खान दिन्थिन् ?

६. तलका प्रश्नको छोटो उत्तर लेख :

क) श्रीकृष्ण र सुदामाको बाल्यकाल कसरी बित्यो ?

ख) गुरुआमाले सुदामालाई के श्राप दिइन् ?

ग) सुदामाको परिवारमा किन सधैं कलह हुन्थ्यो ?

घ) सुदामाले श्रीकृष्णलाई कसरी भेटे ?

ङ) यस कथाले के सन्देश दिन खोजेको छ ?

च) श्रीकृष्णका आँखाबाट किन आँसु झरे ?

७. श्रीकृष्ण र सुदामा कथाले भन्न खोजेका कुरालाई आफ्नै शब्दमा लेख :

८. श्रीकृष्ण र सुदामा कथाको अन्तिम अनुच्छेद शिक्षकबाट सुनेको भरमा शुद्धसँग लेख :

९. श्रीकृष्ण र सुदामा कथाको सुरुका दुई अनुच्छेद पढेर कक्षामा साथीलाई सुनाऊ :

**सिर्जनात्मक अभ्यास**

क) तल दिइएका बुँदाका आधारमा कथा लेखी उपयुक्त शीर्षक राख :

एक जना व्यापारीले बाँदर पाल्नु..... बाँदरले व्यापारीको सेवा गर्नु .... एक दिन व्यापारी सुतेको हुनु .... बाँदरले पङ्खा हम्कने काम गर्नु .... व्यापारीका नाकमा झिँगा बस्नु ..... बाँदरले झिँगा धपाउनु .... धेरैपटक झिँगो धपाएपछि बाँदरलाई झिँगादेखि रिस उठ्नु ... उस्ले नजिकैको तरवारले झिँगालाई हान्नु .... झिँगा उड्नु.... व्यापारीको नाक काटिनु ।

ख) तिमीले सुनेको कुनै एउटा कथा लेखी शिक्षकलाई शिक्षकलाई देखाऊ :

## कार्यमुलक व्याकरण

## उपसर्ग र शब्द निर्माण

शब्दका अगाडि जोडिने व्युत्पादक भाषिक एकाइलाईए उपसर्ग भनिन्छ । उपसर्गको आफ्नो छुट्टै अर्थ नभएपनि शब्दमा जोडिएपछि यसले कहीँ अर्थमा परिवर्तन ल्याउँछ , कहीँ विशेषता थप्छ र कहीँ पूर्व अर्थलाई नै कायम राख्दछ । यहाँ केही उपसर्गद्वारा निर्मित शब्दहरूको सूची दिइएको छ। ती शब्दहरू पढ र बुझ ।

| | | | | |
|---|---|---|---|---|
| अ | + | योग्य | = | अयोग्य |
| अति | + | आचार | = | अत्याचार |
| अधि | + | कार | = | अधिकार |
| अन | + | पढ | = | अनपढ |
| अप | + | हरण | = | अपहरण |
| अभि | + | योग | = | अभियोग |
| अव | + | गत | = | अवगत |
| आ | + | देश | = | आदेश |
| उत् | + | सर्ग | = | उत्सर्ग |
| उद् | + | गम | = | उद्गम |
| उप | + | हार | = | उपहार |
| कु | + | लत | = | कुलत |
| गैर | + | कानुनी | = | गैरकानुनी |
| दुर | + | उपयोग | = | दुरूपयोग |
| निर् | + | धन | = | निर्धन |
| परा | + | जय | = | पराजय |
| सम् | + | सार | = | संसार |
| सु | + | गन्ध | = | सुगन्ध |

१. तल दिइएका शब्दहरूको उपसर्ग पत्ता लगाऊ :

अतिक्रमण अतिरिक्त अनुच्छेद आदेश गैरकानुनी उत्सर्ग उपाध्यक्ष कुपात्र गैरसरकारी दुस्चरित्र नगन्य

२. तल दिइएका उपसर्ग प्रयोग गरी दुई दुई वटा शब्द निर्माण गर ।

अति, उप, उत्, कु, बे, सम्, बि

३. उपसर्गको प्रयोग गरी कुनै दश वटा शब्द निर्माण गर्नुहोस् ।

**प्रत्यय र शब्द निर्माण**

मूल शब्दका पछाडि जोडिने व्युत्पादक प्रत्ययलाई परसर्ग भनिन्छ । परसर्गलाई प्रत्यय पनि भनिन्छ । यहाँ केही शब्दमा जोडिने प्रत्ययलाई दिइएको छ । ती शब्दहरू पढ र बुझ :

| | |
|---|---|
| चाट् +अनी = चटनी | छाप् + आ= छापा |
| रोप्+आइ=रोपाइँ | बस् +आइ= बसाइँ |
| छाप+आइ = छपाइ | पढ् + आइ=पढाइ |
| गिर् + आवट = गिरावट | चोर+ई= चोरी |
| बोल्+ई = बोली | हाँस् +एको = हाँसेको |
| पढ्+ऐया= पढैया | घुम् +ने = घुम्ने |
| ढाँट्+ उवा= ढँटुवा | हार+उवा =हरूवा |

१. तल दिइएका शब्दहरूमा लागेका प्रत्ययहरू छुट्याऊ :

| | |
|---|---|
| छपाइ | बचाउ |
| चलान | गिरावट |
| बनावटी | पढाइ |
| हरूवा | |

२. तल दिइएका प्रत्ययहरू प्रयोग गरी दुई दुई वटा शब्द निर्माण गर :

| | |
|---|---|
| -आइ | -एको |
| -ई | -उवा |
| -ने | |

३. प्रत्यय जोडिएका कुनै दश वटा शब्दहरूको सूची बनाऊ ।

**नमुना पाठ तिन (प्रबन्ध)**

# वन र जीवन

**■ ऋषिराम शर्मा**




वन भनेको थुप्रै रुख बोट विरुवाहरू उम्रेर बाक्लो भएको जङ्गल वा झाडी हो भने जीवन भनेको जिउँदै रहनु बाँचिरहनु वा जिन्दगी हो । 'वन' शब्द वृक्षवनस्पतिका अर्थमा र 'जीवन' प्राणीहरूको जीवन्ततासँग सम्बन्धित अर्थमा प्रयोग हुन्छ । 'वन' वा वृक्षवनस्पति र बोटबिरुवाहरूको अस्तित्वसँग मानव लगायत यस धरतीका सम्पूर्ण प्राणीहरूको जीवनको अस्तित्व आवद्ध भएकाले वन र जीवन आज एक अर्काका पर्याय बनेका छन् । वनको संरक्षणबाट जीवनको संरक्षण हुन्छ भने वनको विनासबाट वातावरणीय असन्तुलन पैदा हुन गई समस्त प्राणीहरूको जीवन नै विनासतर्फ डोरिन्छ । अतः वनको हरियालीले मानव जीवनलगायत सम्पूर्ण प्राणीको जीवनमा हरियाली ल्याउने गर्दछ । त्यसैले वन र जीवनमा नङ र मासुको जस्तो सम्बन्ध छ ।

वनको सबैभन्दा एकाइ रुख हो । एउटा रुख हुर्काउन बिस वर्ष लाग्दछ तर त्यही रुख काट्न बिस मिनेट पनि लाग्दैन । खेतको एक अङ्गुल मलिलो माटो बनाउन चार सय वर्ष लाग्दछ तर त्यही माटो ठुलो झरी परको बेला चालिस मिनेटमा बगेर खेतियोग्य उर्वर भूमिलाई मरुभूमि वा उजाड बनाइदिन्छ । यसरी एउटा व्यक्तिले एउटा रुख काट्दा के नै असर पर्ला भनी हरेक व्यक्तिले सोच्दै जाँदा थुप्रै रुखहरू काटिन्छन् र वनजङ्गल

तयार पार्न बिसौंवर्ष लाग्न सक्छ । मानिसले एउटा रुखमात्र मासेर मानिसकै जीवनलाई अपाङ्ग बनाइरहेको हुन्छ आफ्नै सन्तानको भविष्यलाई अध्याँरोतर्फ धकेलिरहेको हुन्छ सम्पूर्ण वातावरणलाई नै असन्तुलित बनाइरहेको हुन्छ । त्यसैले हरेक व्यक्तिले ठुलो जङ्गलबाट के असर पर्ला र भन्ने चिन्तन बोकेर अघि बढ्नु भनेको आफ्नो खाल्डो आफै खन्नु हो आफ्नो जीवनको असुरक्षा आफै निम्त्याउनु हो ।



वन विनासबाट वातावरणमा ह्रास आउँछ र वातावरणीय ह्रासबाट जीवन नै सङ्कटमा पर्दछ । वास्तवमा प्रकृतिको हरियालीलाई मास्ने अधिकारी कसैलाई पनि छैन प्राकृतिक जीवनलाई खलबल्याउने अधिकार कसैलाईपनि छैन । जसले जीवन दिन सक्छ त्यसैलेमात्र हरण गर्न सक्तछ । एउटा रुख काट्ने र एउटा रुखको जीवन अपहरित गर्नेले नयाँ रुख रोप्नु पर्छ नयाँ नयाँ बोट हुर्काउनु पर्छ । अन्यथा वन जङ्गलको फडाँनी हुन गई वन्यजन्तुहरू विस्थापित हुन सक्छन । अर्को कुरा चराचुरुङ्गीको वासहरण हुन सक्तछ र हरियो च्यादर ओढेका डाँडाकाँडाहरू निवस्त्र र नाङ्गा बन्न सक्तछन् । आज वनका जनता मृग बाघ र स्यालहरूमात्र होइन वनको राजा सिंहले पनि अर्कै मुलुकको जङगलमा सरण लिनुपर्ने स्थिति देखिएको छ वनको राजाले चिडियाखानाको बन्द कोठामा थुनिएर बस्नुपर्ने स्थिति आएको छ प्रकृतिका अनन्य उपहार चराचुरुङ्गीहरू सुकुम्वासी भएका छन र आफू खेदिन परेकामा अनि आफू असुरक्षित हुन परेकामा मानव जातिलाई श्राप दिइरहेकाछन् । वनको विनासबाट तत्काल र प्रत्यक्ष रूपमा जङ्गलमा बसोबास गर्ने प्राणीहरूको जीवन नै सङ्कटमय भइदिएको छ । परोक्ष रूपमा वनजङ्गलबो विनासबाट वातावरणमा ह्रास आउने र वातावरणमा आएको ह्रासबाट सम्पूर्ण प्राणीहरूको जीवन संकटमय र असुरक्षित बन्दै जाने हुँदा वन र जीवनका बिचको गहन सम्बन्धलाई मनन् गर्नु आवश्यक हुन आउँछ ।

कुनै पनि मुलुकको वातावरणीय सन्तुलनका लागि त्यस मुलुकको कुल भूभागको चालिस प्रतिशतभन्दा बढी भूभाग वनले ढाकेको हुनुपर्छ भन्ने मान्यता राखिन्छ । तर विडम्बनाको

कुरो नेपालमा त्यो मात्रा घटेर तल झरिसकेको छ । केहि वर्ष पहिले नाराको रूपमा रहेको 'हरियो वन नेपालको धन' भन्ने उखान दन्त्य कथामा परिणत हुन थालेको छ र नेपालको वन जङ्गलको विनास हुन छाडेको छैन । वनविनासका कारणले काठ दाउरा घाँस आदिको आन्तरिक माग पुरा हुन सकेको छैन भने वनविनासबाट बाढी पहिरो र मरुभूमीकरणको समस्या बढ्दै गइरहेको छ । यसले गर्दा प्रति वर्ष नदी नालाहरूको पेटीमा बालुवा थुप्रिदै गइरहेको छ र यसले सिँचाइलाई प्रत्यक्ष असर पारी कृषि र कृषकहरूलाई नै घटाइ दिएको छ । भनिन्छ आज भूक्षयबाट बग्दै गई बङ्गालको खाडीमा नयाँ टापु भएको छ । रुख कटाइ र जथाभावी वन फडाँनीका कारण पानीका मुहानहरू सुक्तैछन् । नदी नालामा पानीको स्रोत घट्दैछ ।

वनविनासका पछाडि जनसंख्या वृद्धि र राजनीतिक लापरवाही पनि प्रमुख कारण बनेका छन् । इन्धनको समस्या समाधान गर्न पनि वनजङ्गलको प्रयोग गर्नाले वनजङ्गल मासिन्छ तर यो घना जङ्गल त्यतिले मात्र उजाड भएको होइन । यसको विनासको मूल कुरो चाँहि काठ दाउरा एवम् अन्य उत्पादित वस्तुहरूको अनियन्त्रित कटानी र तस्करी नै हो । जसले गर्दा नेपालको प्राकुतिक हरियाली मासिदै गइरहेको छ र जन जीवनलाईभयावह मोडतर्फ धकेलीरहेको छ ।

विश्वका कतिपय मुलुकहरू हिजो मरुभूमि थिए आज हराभरा भएका छन् तर हाम्रो मुलुक हिजो हराभरा थियो आज मरुभूमि बन्ने होडमा दौडिरहेको छ । वृक्षरोपण र तिनको संरक्षणका नाममा नेपालमा विभिन्न गोष्ठिहरू भइरहन्छन कैयौं धन सम्पत्ति पनि खर्च हुन्छ तर वास्तवमा वन संरक्षणले मुर्तता प्राप्त गर्न सकिरहेको छैन र वन विनासबाट मानव जीवनमा देखा परिरहेका सङ्कटका कालाकाला बादलहरू हट्न सकिराखेका छैनन् ।

वर्तमान स्थितिमा वनविनास रोक्नका लागि गम्भिर कदम चाल्नु वाञ्छनीय छ । जनताले आफ्नो उर्जासमस्या टार्न वनको आश्रय लिनै पर्छ । जनतालाई त्यस्तो अधिकारबाट बञ्चित गराएर वन संरक्षण हुन सक्तैन । वनविनासलाई रोक्न इन्धन वा उर्जाको वेकल्पिक बाटो खोज्नु पर्छ । अथाह जलस्रोत सम्पन्न मुलुकको जलविद्युत उर्जाको उपयोगबाट वनविनास घट्न सक्ने हुँदा विद्युतक्रान्तिको आवश्यकता यहाँ छ । जनताको

हृदय छुने र भावनात्मक परिवर्तन ल्याइदिने खालका नाराहरू अघि सार्नुपर्दछ र काम गर्नुपर्छ। एउटा रुख काट्नेलाई दुईवटा रुख हुर्काउन प्ररित गर्नु पर्छ र वालकलाई वयस्क बनाउन अठार वर्ष लागे झैं एउटा रुख हुर्काउन अठार वर्ष लाग्ने हुँदा रुखलाई सन्तानसँग तुलना गरिदिनु पर्दछ । त्यस अनुसार एउटा सन्तान जन्मदा दुईवटा रुख रोपियुन र सन्तानलाई हुर्काउँदा र संरक्षण गर्दा रुखहरू पनि संरक्षित हुदै र हुर्कदै जाउन भन्ने भावना जगाउन सक्नु पर्छ। जनतालाई वनविनासकै कारण जीवन वर्वाद हुन सक्छ भन्ने खालका मनोवैज्ञानिक र यथार्थ खालका चलचित्र प्रदर्शित गरेर बुझाउनु पर्दछ । त्यसभन्दा पनि अझै ठुलो कुरो आफ्नो र पराइ नभनी वन मास्नेहरूलाई माया मोलाहिजा नगरी कठोर दण्ड दिनुपर्दछ।

वन जीवन हो वन मासिदा जीवन मासिन्छ वन नभई जीवन चल्दैन त्यसैले वनजङ्गलको विनास हुन नदिई यसको संरक्षणमा जनता र सरकार दुवै संवेदनशील भई यसको सुरक्षार्थ दिलोज्यानले लाग्नु पर्दछ। अन्यथा नेपालको वन विनासका चितामा नेपालीहरूले पनि सँगसँगै जल्नु पर्ने र सती जानु पर्ने स्थिति आउन सक्छ । त्यसैले आजैदेखि वनजङ्गलके संरक्षण गरी मानव जीवनलाई स्वस्थ सुन्दर र सुखी बनाउनु जरुरी छ।

**शब्दार्थ**

*वृक्षवनस्पति* = *रुखविरुवा*

*संरक्षण* = *जोगाउने काम*

*प्राणी* = *प्राण भएको वस्तु वा व्यक्ति*

*विनास* = *नास वर्वाद*

*अपाङ्ग* = *शरिरको कुनै अङ्ग नभएको*

*हरण* = *कसैलाई जानकारी नै नदिई चोरेर लैजानु*

*सङ्कट* = *अप्ठेरो*

*सन्तुलन* = *तालमेल हुनु*

*वन फडाँनी* = *वन जङ्गल नास गर्ने काम*

*असुरक्षित* = *सुरक्षित नभएको*

*उजाड* = *जरो समेत नरहने गरी वोट विरुवाको विनास गर्नु*

*कदम* = *पाइला*

*मरुभूमि* = *बालुवा नै बालुवा भएको पानी नपर्ने सुख्खा प्रदेश*

*वनविनास* = *वन जङ्गल मास्ने काम*

*अथाह* = *धेरै*

*सन्तान* = *छोराछोरी*

*दण्ड* = *सजाय*

*जनता* = *देशका वासिन्दा*

*सरकार* = *राज्य चलाउने संस्था*

*वर्बाद* = *सखाप नष्ट*

*उपयोग* = *प्रयोग*

*विद्युत* = *विजुली*

*भूक्षय* = *बाढी पहिरो आदिले जमिनको सतहको माटो बग्ने वा खिइने काम वा त्यस्तो प्रक्रिया*

*तस्करी* = *चोरी व्यापारी*

**अभ्यास**

१. तल दिइएका शब्दहरूको उच्चारण गर :

वृक्षवनस्पति प्राणी अस्तित्व फलस्वरूप ह्रास वातावरण मरुभूमीकरण भयावह वयस्क

२. तल दिइएका शब्दहरूको अर्थ लेख :

अन्यथा वन्यजन्तु अनियन्त्रित सङ्कटमय उर्जासमस्या जलविद्युत हरियाली

३. तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर :

महत्त्व, जनता, सङ्कटमय, कठोर, आपूर्ति, भूक्षय, चराचुरुङ्गी

४. मौखिक उत्तर देउ :

क) वनको सवैभन्दा सानो एकाइ के हो ?

ख) वन विनासको मुख्य कारण के हो ?

ग) वनमा के कस्ता वन्यजन्तुहरू पाइन्छन् ?

घ)  वन जङ्गलबाट हामीले के के फाइदा पाउछौं ?

ङ)  पानीका मुहानहरूको संरक्षण गर्न के कुरामा ध्यान दिनु पर्छ ?

च)  किन बाढीपहिरो र मरुभूमीकरणको समस्या बढेको हो ?

५.  शुद्ध गरी लेख

बोटविरुवा, हरियालि, फडानी, अशन्तुलन, जथाभावि, नदिनाला,

६.  छोटकरीमा उत्तर लेख :

क)  वन जङ्गलको महत्त्व बढ्नाको कारण के हो ?

ख)  वन विनासबाट हुने हानीहरू के के हुन् ?

ग)  मान्छेले वनजङ्गलबाट केकस्तो फाइदा लिएको हुन्छ ?

घ)  मरुभूमीकरणको समस्या किन पैदा हुन्छ ?

ङ)  हाम्रा पुर्खाहरू के कुरामा जोड दिन्थे ?

च)  वनजङ्गलको संरक्षण गर्न के गर्नु पर्छ ?

७.  खाली ठाँउ भर :

क)  वनको संरक्षण गर्नाले मानव जीवनको समेत ..................... हुन्छ । (सफलता हेरचाह संरक्षण)

ख)  वातावरणीय ह्रासबाट जीवन नै .............. पर्छ । (अपाङ्ग सङ्कट सुरक्षा)

ग)  विश्वमा पहिला पहिला .................... भएका देशहरू आज हराभरा भएका छन् । (मरुभूमि वनविनास तस्करी )

घ)  वन जङ्गलको फँडानी गर्नाले बन्यजन्तुहरू ........... हुन सक्छन् । (संरक्षण विस्थापित हरण)

ङ)  खेतीयोग्य जमिनलाई .............. राख्नु पर्दछ । (उजाड उर्वर हराभरा)

च)  पानीका मुहान संरक्षण गर्न ................ जोगाउनु पर्दछ । (नदीनाला वनजङ्गल वातावरण)

८.  उदाहरणमा दिएजस्तै गरी शब्दलाई टुक्रा पार :

वनविनास =  वन + विनास

वृक्षवनस्पति

वन्यजन्तु

जनसङ्ख्याविस्फोट

वनसंरक्षण

जलस्रोत

९. पढेर बुझ :

इन्धनको समस्या = इन्धनसमस्या

वनको विनास = वनविनास

मानवको जीवन = मानवजीवन

प्राणीको जगत् = प्राणीजगत्

जलको स्रोत = जलस्रोत

१०. तलको अनुच्छेद पढी दिइएका प्रश्नको उत्तर लेख :

बाल दुर्व्यवहार गैरकानुनी कार्य हो । यसबाट बालबालिकाको स्वतन्त्र जीउन बोल्न व्यवहार गर्न पाउने अधिकार हनन् हुन पुग्छ । उनीहरूको दुर्व्यवहार हुन पुग्नु पीडितको दोष होइन पुरा समाज कानुन र राज्यको पनि दोष हो । बलात्कृत व्यक्तिलाई सामान्य रूपमा नहेरी अपराधीको रूपमा हेर्नु सामाजिक बोझ ठान्ने प्रवृत्ति हुनुले बालबालिकालाई गम्भिर असर परेको हुन्छ । बालयौन दुर्व्यवहारमा केटीहरू नै बढी पीडित भएका छन् यसको कारण भनेको पुरुष प्रधान समाजमा नारीमाथि हेर्ने दृष्टिकोण कमजोर भएर हो । बलात्कृत हुँदा पीडित होइन पीडकको दोष मान्नु पर्दछ र पीडकलाई क्षमा होइन सजाय दिनु पर्दछ । यस्तो बेला पीडित पक्षले कुरा नलुकाई कानुनी उपचार तथा मनोवैज्ञानिक परामर्श लिनु पर्छ ।

क) बाल दुर्व्यवहार हुनुमा को को दोषी छन् ?

ख) बाल दुर्व्यवहारमा को बढी पीडित छन् ?

ग) नारी बढी दुर्व्यवहारमा पर्नुको कारण के हो ?

घ) बाल दुर्व्यवहार भए के के गर्नु पर्छ ?

ङ) निम्न शब्दको अर्थ लेख :

परामर्श, गैरकानुनी

**सिर्जनात्मक अभ्यास**

१. आफूले भ्रमण गरेको कुनै एक रमणीय स्थलको वर्णन गर्दै प्रवन्ध लेख

२. तिम्रो गाउँ वरपरको वातावरणको बारेमा एक अनुच्छेद तयार पार ।

## कार्यमुलक व्याकरण

### करण अकरण

| करण | अकरण |
|---|---|
| रवि घर जान्छ । | रवि घर जाँदैन । |
| हरि आज स्कुल गएछ । | हरि आज स्कुल गएनछ । |
| आज पानी पर्ला । | आज पानी नपर्ला । |
| म घर गएँ । | म घर गइनं । |
| तिमीहरू किन आउछौं ? | तिमहिरू किन आउादैनौं । |
| भाइले खेलेको थियो । | भाइले खेलेको थिएन । |
| हामी आउनेछौं । | हामी आउने छैनौं । |
| राम गयो अनि श्याम आयो । | राम गएन अनि श्याम आएन । |
| पानी पऱ्यो भने शीतल हुन्छ । | पानी परेन भने शीतल हुँदैन । |
| आज निकै जाडो हुन्छ । | आज कत्तिपनि जाडो हुन्छ । |

### अभ्यास

१. तल दिइएका वाक्यलाई अकरणमा बदल :

- क) म भात खान जान्छु ।
- ख) हामी खेल्न गयौं ।
- ग) केटाहरू घुम्न जानेछन् ।
- घ) म घुम्न जाउँ ।
- ङ) हिजो गीत पनि गाइयो नाच पनि नाचियो ।

२. तल दिइएका वाक्यलाई करणमा बदल :

- क) म त घर गएको थिइनँ ।
- ख) उनीहरू घुम्न नजालान् ।
- ग) हामी आउने छैनौं ।
- घ) श्याम आज स्कुल गएनछ ।
- ङ) पानी परेन भने शीतल हुँदैन ।

३. कुनै पाँच पाँच ओटा करण र अकरण क्रियापद लेखी वाक्यमा प्रयोग गर :

## नमुना पाठ चार (जीवनी)

# प्रेरक व्यक्तित्व : साहित्यकार पारिजात



भारतको दार्जिलिङमा वि.स.१९९४ वैशाख महिनामा जन्मिएकी बिष्णुकुमारी वाइवाको साहित्यिक नाम नै पारिजात रहन गएको हो । उनले आफैले यो नाम रोजेकी हुन् । प्रख्यात पारिजातको पुर्ख्यौली थलो नेपालको संखुवासभा जिल्लाको चैनपुर हो भने उनका पुर्खाहरू तामाङ जातिका थिए । पारिजातको बाल्यकाल दार्जिलिङको सुन्दर प्रकृतिको काखमा बितेको थियो । प्रकृतिको काखमा डुबुल्की मार्दै फ्रकभरि चाँपका कोपिला बटुलेर नागबेलीका माला लगाएर जङ्गलमा साथीहरूसँग खेलेर पारिजातको बाल्यकालको बितेको थियो । पारिजात साँस्कृतिक कार्यक्रममा पनि बढी नै रुचि राख्ने गर्थिन् । पारिजातको पढाइ भने मध्यामस्तरको थियो । डाक्टर के.एस. वाइवा र अमृतादेवी मोक्तानको गर्भबाट तेस्रो सन्तानका रूपमा जन्मिएकी पारिजातले प्रारम्भिक शिक्षा दार्जिलिङकै विभिन्न विद्यालयबाट प्राप्त गरेकी थिइन् ।

पारिजातका पिता के. एस. वाइवा जागिरको सिलसिलामा काठमाडौँ आएपछि पितासँगै पारिजातपनि काठमाडौँ पसेकी थिइन् । पारिजातले वि.सं. २०११ सालमा सत्र वर्षको उमेरमा काठमाडौँको पद्मकन्या विद्याश्रम डिल्लीबजारबाट एस.एल.सी. उर्त्तीण गरेकी थिइन् । उनले पद्मकन्या कलेजबाट वि.सं. २०१३ मा आइ. ए. र वि.सं. २०१५ मा बि.ए. उर्त्तीण गरिन् भने वि.सं. २०१५ मा अङ्ग्रेजी विषयमा स्नातकोत्तर गर्ने इच्छाले

त्रिभुवन विश्वविद्यालयमा भर्ना भइन् तर आर्थिक अभावका कारण उनले पढाइ छोड्न पुगिन् । पारिजातले वि.सं. २०१६ सालदेखि वि.सं. २०१९ सालसम्म मदन मेमोरियल गर्ल्स हाइस्कुलमा शिक्षकका रूपमा काम गरिन् । यसरी आर्थिक अवस्थाले आफ्नो शैक्षिक यात्रामा तगारो हालेपछि जागिरमा हाम फालेकी पारिजातलाई पुनः शारिरिक अवस्थाले तगारो पैदा गऱ्यो । उनलाई र्‍युमोटाइड क्रोनिक नामक बाथरोगले च्याप्यो र शारिरिक पीडासँग जुधिरहेकी पारिजातको जीवनले अर्कै मोड लिन पुग्यो ।

पारिजात नेपाली साहित्य जगत्मा औपचारिक रूपले वि.सं. २०१३ मा 'धरती' नाम पत्रिकमा दुईवटा कविता प्रकाशित भएपश्चात होमिएकी हुन् । उनले कविता विधाबाट साहित्यिक यात्रा सुरु गरे पनि कथा र उपन्यास विधामा उनले विशिष्ट सफलता हासिल गरकिछिन् । पारिजात एक न्यायप्रेमी व्यक्तित्त्व थिइन् साथै उनी प्रकृतिप्रेमी र भावुक स्वभावकी महिला पनि थिइन् ।

पारिजातको 'शिरिषको फूल' (२०२२) कृति (उनको) उत्कृष्ट उपन्यास हो । यस उपन्यासका माध्यमबाट उनी चर्चाको शिखर चुम्न सफल भइन् । यस कृतिका लागि उनले वि.सं. २०२२ सालमै मदन पुरस्कार प्राप्त गरिन् र आफ्नो विशिष्ट क्षमताको परिचय पनि दिइन् । त्यतिमात्र होइन वि.सं. २०४९ सालमा 'गङ्की बसुन्धरा पुरस्कार' वि.सं. २०५० सालमा 'सर्वश्रेष्ठ पाण्डुलिपी पुरस्कार' समेत प्राप्त गरी एउटी विशिष्ट नारी प्रतिभाको स्थान हासिल गर्न सफल भइन् ।

पारिजात एक सशक्त कवयित्री पनि हुन् । उनले स्कुल जीवनबाट नै एउटी नवयुवतीका मनमा जीवन र निराशाले पारेका प्रभाव प्रेम पीडा र विरहका भावहरू सलल पोख्दै यौवन अवस्थाका सपना र पीडाहरूलाई स्वच्छन्द रूपले कवितामार्फत् पस्कदै गइन् । उनका कविताहरू विसङ्गतिवादी र निराशावादी तथा अस्तित्ववादी स्वर प्रकट गर्ने खालका छन् ।

पारिजातले 'शिरिषको फूल' 'बोनी' लगायतका थुप्रै उपन्यास उपन्यास लेखेकी छिन् । उनले कथाका क्षेत्रमा कलम चलाउदै ४ वटा कथा सङ्ग्रहहरू पनि पनि तयार पारिदिएकी छिन् । करिव तिन दशक लामो कथा यात्रामा पारिजातका चार ओटा कथा

सङ्ग्रहहरू 'आदिम देश' (२०२५) सडक र प्रतिभा (२०३५) साल्गीको बलाकृत आँसु (२०४३) र बधशाला जाँदा आउँदा (२०४९) प्रकाशित भएका छन् । उनले यी कथाहरूमा सामाजिक जनजीवनका सकारात्मक नकारात्मक दुवै पक्षको उल्लेख गर्नुका साथै आन्तरिक दृष्टिकोण समेटेकी छिन् । उनका कथाले झुटो प्रेमप्रति वितृष्णा असमानताप्रति असन्तोष र अन्यायप्रति आक्रोश देखाएका छन् ।

पारिजात एक सशक्त निबन्धकारका रूपमा पनि चिनिएकी छिन् । उनले आफ्ना सोचाइ विचार र जीवनवादी दृष्टिलाई आफ्ना निबन्धमा समेटेकी छिन् । उनको 'आधी आकाश' नामक निबन्ध साह्रै मार्मिक छ ।

पारिजातले अविवाहित जीवन बाँचेकी थिइन् । उनको जीवन अति सङ्घर्षपूर्ण र नागबेलीको लहराको जस्तो पाइन्छ । उनी निराशावादी पनि थिइन् । प्रत्येक घडीमा रोग र आर्थिक विवशतासँग लडिरहनु पर्दा पनि उनले स्वार्थपूर्तिका लागि भने कहिल्यै नराम्रो बाटो रोजिनन् । उनी कसैले आफूलाई प्रवासी भनको पटक्कै रुचाउँदैनथिन् । पारिजातका दाजुको मृत्यपछि बाबाका साथमा सुकन्या र आफू हुँदा त्यति दुःख त थिएन तर जब बुबाको पनि देहवसान भयो त्यसपछि त पारिजातको जीवनमा उनकी बहिनी सुकन्यामात्रै साथी थिइन् । सुकन्या एकदम स्नेही नारी थिइन् । उनले पारिजातलाई बिरामी भएर थला परेको समयमा आमाले दिने प्रेम झैं साथ दिइन् ।

पारिजातले आफ्नो जीवनमा नेपाली भाषा साहित्यप्रति आफ्ना अमूल्य कृतिहरू छोड्दै वि.सं. २०५० वैशाख ५ गते उनी सदाका लागि धरतीबाट बिदा भइन् । उनी आजा हामीसँग नभएपनि उनका कृतिहरू हामीमाझ अमर छन् उनका विचारहरू हामीमा जीवित छन् । हामी पारिजातलाई बिर्सिन सक्तैनौं ।

**शब्दार्थ**

*साहित्यिक* = *साहित्यसम्बन्धी*

*पुर्खा* = *बाबु बाजे*

*रुचि* = *इच्छा चाहना*

*देहवसान* = *मृत्यु*

| | | |
|---|---|---|
| *स्नातकोत्तर* | = | *स्नातक तहको उपाधी प्राप्त गरेपछिको शैक्षिक तह वा उपाधी* |
| *शारीरिक* | = | *शरिरसम्बन्धी कुराहरू* |
| *बाथरोग* | = | *हाड जोर्नीसम्बन्धी एक प्रकारको कडा रोग* |
| *उपन्यास* | = | *गद्यमा लेखिएको लामो कथा* |
| *न्यायप्रेमी* | = | *न्यायलाई मन पराउने* |
| *भावुक* | = | *कोमल मन भएको* |
| *उत्कृष्ट* | = | *सबैभन्दा राम्रो* |
| *पाण्डुलिपी* | = | *हस्तलिखित सामग्री* |
| *कवयित्री* | = | *कविता रचना गर्ने नारी* |
| *नवयुवती* | = | *भर्खर युवा अवस्थामा प्रवेश गरेकी स्त्री* |
| *निराशा* | = | *आशा हराएको स्थिति आशाको अभाव* |
| *विसङ्गतिवादी* | = | *विसङ्गतवादमा विश्वास गर्ने व्यक्ति* |
| *आक्रोश* | = | *क्रोध र निन्दापुर्ण गाली* |
| *सङ्घर्षपूर्ण* | = | *सङ्घर्षले भरिएको* |
| *विवशता* | = | *वाध्यता* |
| *स्वार्थ* | = | *आफ्नो हित निजी चाहना* |
| *अमूल्य* | = | *मूल्य तोक्न नसकिने* |
| *सुवास* | = | *वास्ना सुगन्ध* |

**अभ्यास**

१. दिइएका शब्दहरूको उच्चारण गर :

बाल्यकाल विद्याश्रम र्‍युमोटोइड साहित्यिक उत्कृष्ट औपन्यासिक सर्वश्रेष्ठ कवयित्री विसङ्गतिवादी

२. दिइएका शब्दहरूको अर्थ लेख :

सुवास सार्थक प्रतिभा संवेदनशील बहुमुखी सिर्जना अनमोल

३. तल दिइएका शब्दहरूलाई वाक्यमा प्रयोग गर :

उत्कृष्ट सुवास पाण्डुलिपी आक्रोश शारीरिक निबन्धकार

४. मौखिक उत्तर देऊ :

क) प्रेरक व्यक्तित्व कसलाई भनिन्छ ?

ख) पारिजातका आमा बुवा को को थिए ?

ग) पारिजात कुन रोगबाट पीडित थिइन् ?

घ) पारिजातले कुन तहसम्म पढेकी थिइन् ?

ङ) पारिजातले कुन कुन क्षेत्रमा कलम चलाइन् ?

च) पारिजातको वास्तविक नाम के हो ?

५. छोटो उत्तर लेख :

क) पारिजातलाई किन प्रेरणाकी स्रोत मानिन्छ ?

ख) पारिजातको बाल्यकाल कसरी बितेको थियो ?

ग) पारिजातले साहित्यको कुन कुन विधामा कलम चलाइन् ?

घ) पारिजातका मुख्य मुख्य कथाहरू के के हुन् ?

ङ) पारिजातले कस्ता खालका कृतिहरू लेखेकी छिन् ?

६. लामो उत्तर देउ :

क) पारिजातको जीवनी पढेर हामीले के के प्रेरणा पाउँछौं ?

ख) पारिजातले नेपाली साहित्यमा पुऱ्याएको योगदानको चर्चा गर्दै दुई अनुच्छेद लेख :

**सिर्जनात्मक अभ्यास**

१. तल दिइएका बुँदाका आधार एउटा छोटो जीवनी तयार पार :

| | | |
|---|---|---|
| नाम | : | भानुभक्त आचार्य |
| जन्म | : | वि.सं. १८७१ असार २९ गते गण्डकी तनहुँ चुँदी-रम्घा |
| बाबु | : | धनञ्जय आचार्य बाजे : श्रीकृष्ण आचार्य |
| कृतिहरू | : | रामायाण प्रश्नोत्तरमाला रामगीता भक्तमाला र अन्य फुटकर कविता |
| मुख्य विशेषता | : | सरल भाषा नेपाली माटो र मुटुको सुन्दर अभिव्यक्ति धार्मीक आध्यात्मिक नैतिक चेतना भएका नेपाली साहित्यको प्राथमिक कालको रामभक्ति धारका केन्द्रीय प्रतिभा नेपाली भाषाका माध्यमबाट नेपाली जातिलाई एक सुत्रमा बाँध्ने जातीय कविका रूपमा प्रसिद्ध । |
| सम्मान | : | नेपाली साहित्यका आदिकवि |
| मृत्यु | : | वि.स. १९२५ |

**कार्यमुलक व्याकरण**

**सर्वनाम**

पुरुषवाचक - म हामी तँ तिमी तपाईं उ उनी उनीहरू उहाँ उहाँहरू

दर्शकवाचक - यो यी त्यो ती

सम्बन्धवाचक - जो जोजो जे जेजे जुन जुनजुन

प्रश्नवाचक - को कोको के केके कुन कुन कुन

निजवाचक - आफू आफैं स्वयम्

अनिश्चयवाचक - जेसुकै जोसुकै जुनसुकै केही केहीकेही कोही कोहीकोही

नामको सट्टामा प्रयोग गरिने शब्दलाई सर्वनाम भनिन्छ। सर्वनाम छ प्रकारका छन् :

**अभ्यास**

१. तलको अनुच्छेद पढी सर्वनाम शब्दहरूमा घेरा चिन्ह लगाउ :

मेरो नाम रमिता हो । म कक्षा सातमा पढ्छु । उ र म सँगै विद्यालय जान्छौं । हामी एउटै विद्यालयमा पढ्छौं । हामीसँगै विद्यालयका अतिरिक्त कार्यक्रममा भाग लिन्छौं । तिमी पनि तिम्रो विद्यालयमा त्यस्तै गर्छौ । हामीलाई गुरु गुरुआमाले पढाउनुहुन्छ । मेरो साथीले गुरुलाई भन्छ " सर ! तपाईं हामीलाई कथा सुनाउनुहोस् न ।" अनि जुन कथा सरले सुनाउनुहुन्छ त्यहि सुन्दा आनन्द लाग्छ ।

२. तलका सर्वनामलाई दिइएको अभ्यास तालिकामा छुट्याएर राख :

ऊ स्वयम् ती जुनसुकै उनी जेसुकै म यो जो को आफू हामी यी जे के आफै

| पुरुषवचाक | दर्शकवाचक | सम्बन्धवाचक | प्रश्नवाचक | निजवाचक | अनिश्चयवाचक |
|---|---|---|---|---|---|
| | | | | | |

३. तलका शब्दहरूलाई शुद्ध पार :

उ उनि तिमि हामि आफु

४. सर्वनाम कति प्रकारका छन् र तिनीहरू के के हुन् ?

५. पुरुषवाचक सर्वनामको प्रयोग गरी पाँच वटा वाक्य बनाऊ ।

**अध्याय पाँच**

# सारांश, निष्कर्ष र उपयागिता

## ५.१ सारांश

कुनै पनि पाठ्यसामग्री निर्माण सम्बन्धित पाठ्यक्रम तथा पाठ्यपुस्तकको आधारमा गरिन्छ । पाठ्यक्रम तथा पाठ्यपुस्तकको अध्ययनपश्चात् विधागत पाठको छनोट र स्तरण गरी पाठ्यसामग्री निर्माण गर्न सजिलो हुन्छ । पाठ्यपुस्तकमा राखिने पाठहरूको उचित मार्गनिर्देश पाठ्यक्रमले गरेको हुन्छ । पाठ्यक्रममा शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, विषयगत रूपमा कक्षागत उद्देश्य समेत स्पष्ट तोकिएको हुन्छ । पाठ्यक्रमले राखेका उद्देश्य पूर्ति गर्नका लागि विधाको क्षेत्र र क्रम तालिका स्पष्ट रूपले अगाडि सारीएको हुन्छ । जसका आधारमा पाठको प्रकृति के कस्तो हुने पूर्व धारणा ग्रहण गर्न सकिन्छ । पूर्वधारणा निर्माण गरी विधाको छनोट र स्तरण गरिएको हुन्छ । विधागत पाठहरू विभिन्न स्रोतबाट सङ्कलन गरी सम्बन्धित तहका कक्षाका विद्यार्थीको रुचि, स्तर, क्षमता र आवश्यकता आदिका आधारमा पाठ निर्माण कसरी गर्ने भनी चिन्तन मननको पनि त्यतिकै जरुरी रहेको हुन्छ । भाषा पाठ्यपुस्तकका पाठमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपअन्तर्गत विभिन्न क्षेत्रमा आवश्यक मात्रामा रुचिकर अभ्यास राखेर पाठ्यपुस्तक निर्माण गरिन्छ । पाठ्यक्रमद्वारा निर्दिष्ट कक्षागत सिकाइ उपलब्धि विद्यार्थीहरूमा स्थापित गराउन गरिने क्रियाकलापका लागि पाठ्यपुस्तक तयार गरिन्छ । प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर (एम.एड) तह द्वितीय वर्षको नेपाली पाठ्यपुस्तकको नमुना पाठ निर्माण शीर्षकमा तयार पारिएको छ । पाठ निर्माण गर्ने सन्दर्भमा विधागत पाठहरूको छनोट, अनुच्छेद तयार गर्ने प्रक्रियाहरू, पाठ शीर्षक, पाठ्यवस्तु, चित्र, अभ्यास वा क्रियाकलाप जस्ता विषयवस्तु समेटेर कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको रुचि, स्तर,क्षमता, आवश्यकता आदिका आधारमा साहित्यका मुख्य चार विधाका कविता, कथा, प्रबन्ध र जीवनी नमुना पाठ निर्माण गरी पाठअनुरूप अभ्यास निर्माण कार्य सम्पन्न गरिएको छ । प्रस्तुत अध्ययनमा समावेश गरिएका नमुना पाठहरू आवश्यक मूल्याङ्कन, समीक्षा, पृष्ठपोषण र सुझावका आधारमा स्तरण गरी राखिएको छ ।

## ५.२ निष्कर्ष

विद्यालय तहको शैक्षिक कार्यकलापमा नेपाली भाषाको अत्यन्तै महत्त्वपूर्ण योगदान रहेको छ । विद्यालय तहको प्रारम्भिक कक्षादेखि अनिवार्य रूपमा पठनपाठन हुने यस विषयलाई प्रभावकारी एवम् व्यावहारिक ढङ्गले शिक्षण गरिनुपर्छ र त्यसका निम्ति उपयुक्त पाठ्यक्रम एवम् पाठ्यसामग्री निर्माण हुनु पर्दछ । विद्यालयमा पढाइने नेपाली भाषाको प्रयोजन भाषिक सिप अभिवृद्धि गर्नुको साथै बोध र अभिव्यक्ति पक्षको विकास गर्नु रहेको छ । पाठ्यपुस्तकको निर्माण पाठ्यक्रमको उद्देश्यलाई परिपूर्ति गर्नको लागि गरिन्छ । पाठ्यक्रमले अपेक्षा गरेको उद्देश्य पूर्ति हुने खालका विषयहरू पाठ्यक्रममा समावेश हुनु पर्दछ । नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रद्वारा २०६९ सालमा प्रकाशित आधारभूत शिक्षा पाठ्यक्रम २०६९ अन्तर्गत निम्न माध्यमिक तह 'कक्षा सातको नेपाली विषयको पाठ्यक्रमको आधारमा प्रस्तुत **कक्षा सातको नेपाली पाठ्यपुस्तकको नमुना पाठ निर्माण** शीर्षक शोधपत्र तयार गरिएको हो । यसमा छन्दोबद्ध कविता, पौराणिक कथा, प्राकृतिक/वातावरणीय प्रबन्ध र साहित्यकारको जीवनी छनोट गरी समावेश गरिएको छ ।

प्रस्तुत **कक्षा सातको नेपाली पाठ्यपुस्तकको नमुना पाठ निर्माण** शोधपत्रमा कथा शिक्षणको मूल उद्देश्य विद्यार्थीहरूमा कथनात्मक अभिव्यक्ति सिपको विकास एवम् यसको शिक्षणका माध्यमवाट सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता चारवटै सिपको अभ्यास गराउनु रहेको छ । कथाअन्तर्गत राखिएका अभ्यासात्मक कार्यकलापले भाषिक सिपलाई व्यावहारमा उतार्न  मद्दत पुग्ने निष्कर्ष निकालिएको छ ।

कविता सुकोमल भाषाशैलीमा संरचित लयात्मक विधा हो । कविता शिक्षणको मुख्य उद्देश्य सिकारुमा लयबोध, भावबोध र उच्चारण संस्कारको विकास गर्नु हो । अतः कविता शिक्षण गर्दा विशेषतः लययुक्त सस्वरवाचन, भाव पहिचान , प्रश्नोत्तर, भावार्थ आदिका कार्यकलाप गराउनु पर्दछ ।

प्रबन्ध विधा महत्त्वपूर्ण विधा हो ।  विद्यार्थीमा गद्यात्मक अभिव्यक्ति क्षमताको विकास गर्नु प्रबन्ध विधाको मुख्य प्रयोजन रहेको हुन्छ । यसमा पाठको उपयोग गरी खास विषय शीर्षक दिई निर्देशित र स्वतन्त्र रूपमा निबन्ध लेखनको अभ्यास गराउनु पर्दछ ।

जीवनी विधा शिक्षणबाट भाषाका मौखिक र लिखित अभिव्यक्ति सिपको विकास गर्न सकिन्छ । विद्यार्थीहरूमा जीवनप्रति सकारात्मक प्रेरणा दिनु पनि जीवनी शिक्षणको अभिष्ट रहेको हुन्छ ।

कार्यमूलक व्याकरण शिक्षण गर्नुको मुख्य अभिप्राय बालबालिकाहरूलाई सहज तरिकाले भाषाको शुद्ध र मानक प्रयोगप्रति अभिप्रेरित गर्नु हो । यस नमुना पाठभित्र विद्यार्थीहरूमा उदाहरण र प्रयोगका आधारमा पाठ भित्रैबाट व्याकरणको नियमको खोजी गर्ने खालका अभ्यासहरू राखिएका छन् । यसले व्याकरणका छुट्टै पाठ्यपुस्तकको आधारमा व्याकरण शिक्षण गर्ने परम्परालाई तोडी नयाँ आयाम थपेको छ ।

प्रस्तुत **कक्षा सातको नेपाली पाठ्य पुस्तकको नमुना पाठ निर्माण** शोधकार्य सैद्धान्तिक पृष्ठभूमिमा आधारित भएर पनि प्रयोगउन्मुख विषयमा आधारित भएकाले भाषा शिक्षणका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिन सक्ने कार्यमूलक अनुसन्धानको रूपमा समेत परिभाषित गर्न सकिन्छ ।

## ५.३ उपयोगिता

### (क) नीतिगत तह

- पाठ्यक्रम निर्माता पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरका नीति निर्माताहरुलाई पाठ्यक्रममा सुधार, संशोधन तथा परिमार्जन गर्न प्रस्तुत शोधकार्य उपयोगी हुने छ ।
- भाषा पाठ्यपुस्तक निर्माताहरुका लागि भाषा पाठ्यपुस्तकमा आवश्यक सुधार गर्न मद्दत पुग्ने छ ।
- पाठ्यक्रम तथा पाठ्यपुस्तकको आधारमा नयाँ नयाँ पाठ्यपुस्तकहरु निर्माण गर्ने सन्दर्भमा प्रस्तुत अध्ययनमा समावेश गरिएका पाठहरुलाई सामग्रीको रुपमा उपयोग गर्न सकिने छ ।
- भाषा पाठ्यपुस्तकमा प्रयोग हुने पाठ्य सामग्री निर्माता वा पाठका लेखकका लागि एउटा सुनिश्चित दृष्टिकोण प्रदान गर्न प्रस्तुत अध्ययन उपयोगी देखिन्छ ।

- हाल यस विषयमा आधारित रहेर कुनै पनि अनुसन्धान नभएको अवस्थामा यस अध्ययनलाई कार्यगत अनुसन्धानको रुपमा लिएर नमुना पाठहरुमा सुधार एवम् परिमार्जन गर्न पनि प्रस्तुत अध्ययन महत्वपूर्ण रहेको छ ।

**(ख) प्रयोगगत तह**

- प्रस्तुत अध्ययन नीति निर्माताका लागि मात्र नभई प्रयोगात्मक तहमा पनि अत्यन्त उपयोगी सावित हुने छ । नमुना पाठको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक, अध्येता सबैका लागि महत्वपूर्ण देखिन्छ ।
- प्रस्तुत अध्ययनलाई कक्षा सातका विद्यार्थी माझ पठनपाठन गर्न गराउन उपयोग गर्न सकिने छ ।
- पाठ्यक्रम तथा पाठ्यपुस्तकको अभाव रहेको सन्दर्भमा यस अध्ययनमा समेटिएका नमुना पाठ र तिनका अभ्यासबाट विद्यार्थीमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप अभिवृद्धि गराउन उपयोग गर्न सकिने छ ।
- प्रस्तुत अध्ययनलाई नमुना मानी अन्य विधाका पाठ र तिनका अभ्यास निर्माण गर्ने सन्दर्भमा उपयोग गर्न सकिने छ ।
- प्रस्तुत अध्ययनले विद्यार्थीको रुचि र स्तर सुहाउँदो विषयवस्तु छनोट, सङ्गठन र अभ्यास लेखनका लेखक, शिक्षक, विद्यार्थी र अभिभावकलाई सहयोग पुऱ्याउने छ ।
- बालबालिकाहरुमा सहयोगी, नैतिकवान, राष्ट्रभक्त, प्रकृतिप्रेमी, जीवन उपयोगी, विष्यावस्तुमा धक नमानी कुराकानी गर्न सक्ने क्षमता विकासमा सहयोग पुऱ्याउने छ ।
- भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप विकास गराउन प्रस्तुत अध्ययनमा समावेश गरिएका पाठहरु विद्यार्थीका लागि, शिक्षकका लागि र अभिभावकका लागि विद्यालयभित्र र विद्यालयबाहिर उपयोगी हुने छन् ।

# सन्दर्भ सामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०६६ पाँचौ संस्क.), **समसामयिक नेपाली व्याकरण,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६७), **भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६९), **नेपाली भाषा शिक्षण,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०६८), **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

कोइराला, शोभा (२०७०), **कक्षा चारको नेपाली विषयको नमुना पाठ्यपुस्तक निर्माण,** स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खनाल, मेनुका (२०७०), **कक्षा ६ को नेपाली विषयको पाठ्यपुस्तक निर्माण,** स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खनाल, हरि (२०७०), **चर्चित पौराणिक कथाहरू,** काठमाडौँ : सुवि प्रकाशन प्रा.लि. ।

घिमिरे, माधव (२०६०), **चैत-वैशाख,** ललितपुर : साझा प्रकाशन ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६४), **नेपाली भाषा शिक्षण,** काठमाडौँ : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स ।

नेपाली भाषा शिक्षा विभाग, **सम्प्रेषण,** अङ्क ६, त्रि.वि. कीर्तिपुर ।

नेपाली भाषा शिक्षा विभाग, **सम्प्रेषण,** अङ्क ७, त्रि.वि. कीर्तिपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०६९), **आधारभूत शिक्षा पाठ्यक्रम,** काठमाडौँ : सुदिया ट्रेडिङ कम्पनी प्रा.लि. ।

पाठ्यक्रम विकास केन्द्र (२०७१), **नेपाली (कक्षा ७),** भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।

बराल, मदनराज (२०६१), **कक्षा सातको महेन्द्रमाला र हाम्रो नेपाली किताबको तुलनात्मक अध्ययन,** स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, महन्द्ररत्न क्याम्पस, ताहाचल ।

बस्नेत, नानीराम (२०७०), **कक्षा सातको भाषा पाठ्यपुस्तकको नमुना पाठ छनोट तथा निर्माण**, स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

भट्टराई, इलोमा (२०६१), **कक्षा सातको नयाँ पाठ्यक्रम अनुसारका नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूको विश्लेषणात्मक अध्ययन**, स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्टराई, डी.पी. र डिल्लीराम ढुङ्गेल (२०६७ आठौं संस्क.), **माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि (२०६३), **स्नातकोत्तर नेपाली शिक्षा शोधविवरण**, काठमाडौँ : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

भण्डारी, पारसमणि र अन्य (२०६८), **भाषिक अनुसन्धान विधि**, काठमाडौँ : पिनाकल पब्लिकेसन ।

भण्डारी, पारसमणि र अन्य (२०६८), **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

रेग्मी, भानुभक्त (२०५७), **शिक्षणीय प्रयोजनका दृष्टिले कक्षा सातको हाम्रो नेपाली पाठ्यपुस्तकमा प्रयुक्त कथाहरूको विश्लेषण**, स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

लामिछाने, यादवप्रकाश र अन्य (२०६९), **भाषिक अनुसन्धान विधि**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०५५), **शोधविधि**, काठमाडौँ : साझा प्रकाशन ।

शर्मा, ऋषिराम (२०७०), **आधुनिक नेपाली निबन्धमाला**, काठमाडौँ : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. ।

शिक्षा विभाग (२०६६), **मातृभाषामा आधारित बहुभाषिक शिक्षासम्बन्धी अभिमुखीकरण कार्यक्रम पुस्तिका** (२०६६), समाहित शिक्षा शाखा, सानोठिमी, भक्तपुर ।

सिंह, साधना (२०७०), **कक्षा पाँचको नेपाली पाठ्यपुस्तकका लागि नमुना कथाको छनोट र अभ्यास निर्माण**, स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

## परिशिष्ट (क)

# पाठ्यक्रम

नेपाली भाषा सरकारी कामकाजको भाषा हुनुका साथै विद्यालय तहको शिक्षाको प्रमुख माध्यमका रूपमा रहँदै आएको छ । त्यसैले विद्यालय तहको शैक्षिक क्रियाकलापमा नेपाली भाषाको महत्त्वपूर्ण स्थान छ । विद्यालय तहको प्रारम्भिक कक्षा देखि अनिवार्य रूपमा पठनपाठन हुने यस विषयलाई प्रभावकारी एवम् व्यावहारिक ढङ्गले सिकाइ गर्नु आवश्यक हुन्छ ।  यस विषयलाई अनिवार्य विषयका रूपमा अध्यापन गर्नुको उद्देश्य नेपाली भाषामा भाषिक सिपको विकास गराउनु हो । विभिन्न विधाका रचनाका माध्यमवाट भाषिक सिप र सिर्जनात्मक क्षमताको विकास गर्नु नै नेपाली भाषा अध्यापनको मुख्य उद्देश्य हो । भाषिक समर्थ्य र सम्पादनलाई भाषाका मुख्य सक्षमता मानिन्छ ।  त्यसैले यस पाठ्यक्रमलाई मूलतः भाषिक सिप विकासका पक्षमा केन्द्रित गरिएको छ ।

**तहगत सक्षमता**

यस तहको अन्तमा विद्यार्थीहरू निम्न लिखित सक्षमता हासिल गर्न समर्थ हुनेछन्  :

१. मौखिक लिखित एवम् सञ्चार माध्यमका विषय वस्तुको सुनाइ र पढाइ

२. प्रचलित विधागत र सूचनामुलक सामग्रीहरूको सुनाइ र पढाइ

३. सिकेका कुराको विभिन्न माध्यमवाट अभिव्यक्ति

४. वैयक्तिक र सामाजिक उद्देश्यको परिपूर्तिका लागि विविध ढाँचार शैलिको लेखन

५. भाषिक विविधता पहिचान सहित परिस्थिति र सन्दर्भअनुकूलको अभिव्यक्ति

६. अन्तरभाषिक तथा साँस्कृतिक विशेषताअनुरूप शिष्ट भाषशैलीको प्रयोग

७. सञ्चार शिल्प र सिकाइका लागि भाषाको प्रयोग

८. निर्देशित तथा  स्वतन्त्र रचनाको प्रस्तुति

९. नेपाली भाषाका भाषिक विशेषताप्रति सचेतता र तदनुरूप प्रयोग

१०. दैनिक व्यवहारमा आत्मविश्वासका साथ भाषाको प्रयोग

११. विचारको अभिव्यक्तिमा स्पष्टता तथा विश्लेषणात्मक प्रतिक्रिया

१२. योजना, शोधखोज, विश्लेषण, मूल्याङ्कनका आधारमा धारणा निर्माण

१३. प्रभावकारी सिकाइ, रचनात्माक सोच तथा प्रत्यक्ष सम्पर्कवाट विचारहरूको सिर्जना र समस्या समाधान

## कक्षागत सिकाइ उपलब्धिहरू

कक्षा : सात (७)

यस कक्षाको अन्त्यमा विद्यार्थीहरू निम्न लिखित सिपहरूमा सक्षम हुनेछन् :

**सुनाइ र बोलाइ**

१. शब्दहरूमा प्रयुक्त वर्णहरूको भिन्नता पहिल्याई शब्द उच्चारण गर्न

२. सुनेका शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न

३. अरूले वर्णन गरेका कुराहरू सुनी आफ्नो शब्दमा व्यक्त गर्न

४. सञ्चार माध्यमका सूचनाहरू सुन्न र भन्न

५. सामान्य मौखिक वर्णनहरू सुनी मुख्य मुख्य कुरा बताउन

६. साहित्यिक विधाका पाठहरू सुनेर सोसम्बन्धी प्रतिक्रिया जनाउन

७. स्तरअनुसारका मौखिक अभिव्यक्तिहरू (कुराकानी, प्रश्नोत्तर, संवाद, वादविवाद, छलफल ध्यानपूर्वक सुनी तिनमा भाग लिन

८. आफूले देखेसुनेका, अनुभव गरेका घटना, वस्तु तथा वातावरणका विषयमा सिलसिला मिलाई मौखिक वर्णन गर्न

९. हाउभाउ मिलाई उपयुक्त ढङ्गले बोल्न

१०. मौखिक अभिव्यक्तिहरू सुन्ने क्रममा उपयुक्त हाउभाउ र अभिनयमा ध्यान दिन

११. वक्ताको अभिव्यक्ति सुनी भाषिक मौलिकता पहचान गर्न ।

**पढाइ**

१. लिखित सामग्रीलाई गति,यति र लय मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न

२. विभिन्न पाठहरू पढी तिनका मुख्य मुख्य कुराहरू बताउन

३. विभिन्न प्रयोजनका लागि कथा, कविता, प्रवन्ध र जीवनीका पाठहरू पढन

४. विभिन्न प्रयोजनका लागि लिखित सामग्रीहरूको मौन वाचन गर्न

५. विभिन्न स्रोतका सामग्रीहरूवाट शब्द भण्डारको वद्धि गर्न

६. पढेका पाठका शब्दहरूको उपयुक्त प्रयोग गर्न

७. पाठमा प्रयुक्त उखान टुक्काहरूको अर्थ बुझी वाक्यमा प्रयोग गर्न

८. विभिन्न मुद्रित तथा विद्युतीय सामग्री रुचिपूर्वक पढ्न

**लेखाइ**

१. हिज्जे र वाक्य गठन मिलाई सफा र सुद्धसँग लेख्न

२. लेख्य चिह्नहरूको उपयुक्त प्रयोग गर्न

३. सफा र स्पष्टसँग लेख्न र लेखेका कुराहरूलाई दोहोऱ्याई सच्याउन

४. शब्द,वाक्य र पाठका अंशहरू सुनेर लेख्न

५. आफूले देखे, सुनेका, अनुभव गरेका वस्तु, घटना तथा वातावरणका विषयमा लिखित वर्णन गर्न

६. सुनेका र पढेका विषयवस्तुको सार लेख्न

७. अनुच्छेद, चिठी, निवेदन, कथा, प्रवन्ध, जीवनी र वादविवाद सिलसिला मिलाई लेख्न

८. आफ्नो रुचिअनुसारका विषयमा मौलिक रचना गर्न

९. शब्दहरूलाई लिखित रूपमा उपयुक्त ढङ्गले प्रयोग गर्न

१०. विशिष्ट अंशहरूको भाव विस्तार/व्याख्या गर्न

११. व्याकरणसम्मत वाक्य रचना गर्न

१२. पाठमा प्रयुक्त उखान टुक्काहरूको अर्थ बुझी वाक्यमा प्रयोग गर्न

१३. परियोजना कार्यको माध्यमले भाषिक समस्या समाधान गर्न

**विधाको क्षेत्र र क्रम तालिका**

| क.स | विधा | कक्षा ७ (सात) |
|---|---|---|
| १ | प्रबन्ध/निवन्ध | क) सामाजिक/सांस्कृतिक<br>ख) प्राकृतिक/वातावरणीय<br>ग) कलात्मक/कलासम्बन्धी<br>घ) वैज्ञानिक /प्राविधिक |
| २ | कथा | क) लोककथा /नीतिकथा<br>ख) पौराणीक/ऐतिहासिक कथा<br>ग) सामाजिक कथा |
| ३ | जीवनी | राष्ट्रिय र अन्तराष्ट्रिय<br>क) साहित्यकार/कलाकार<br>ख) आविष्कारक<br>ग) प्रेरक व्यक्तित्व/विचारक |
| ४ | चिठी | क) घरायसी<br>ख) कार्यालयीय |
| ५ | रूपक | क) संवाद<br>ख) वाद विवाद |

| | | |
|---|---|---|
| ६ | कविता | क) छन्दोबद्ध कविता<br>ख) लोक कविता<br>ग) गीति कविता |
| ७ | कर्यमूलक व्याकरण<br>(अ) सङ्गति | क) लिङ्ग<br>ख) वचन<br>ग) पुरुष<br>घ) आदर |
| | (आ) काल | क) वर्तमान<br>ख) भूत<br>ग) भविष्यत |
| | (इ)पक्ष | क) अपूर्ण<br>ख) पूर्ण<br>ग) अज्ञात<br>घ) अभ्यस्त |
| | (ई) अर्थ र भाव | क) आज्ञार्थ<br>ख) सम्भावनार्थ |
| | (उ)वाक्य परिवर्तन | लिङ्ग, वचन, पुरुष, आदर र करण/ अकरणका आधारमा |
| | (ऊ)वाच्य परिवर्तन | क) कर्तृवाच्य<br>ख) कर्मवाच्य |
| | (ए) शब्दवर्ग | क) नाम<br>ख) सर्वनाम<br>ग) विशेषण<br>घ) क्रियापद<br>ङ) क्रियायोगी<br>च) नामयोगी<br>छ) संयोजक<br>ज) निपात<br>झ) विस्मयादिवोधक |
| | (ऐ) कारक र विभक्ति | क) कारक (कर्ता र कर्म)<br>ख) विभक्ति - ले, लाई,द्वारा, देखि,बाट,मा,को,का,कि,रो,रा,री,नो,ना, नीको प्रयोग |

| | | |
|---|---|---|
| | (ओ) उच्चारण वर्णगत, शब्दगत | क) ख/घ, छ/झ,ठ/ढ,थ/ध, फ/भ,ग/घ,ज/झ,ड/ढ,द/ध,व/भ ध्वनिको उच्चारण<br>ख) खर/घर, छुरा/झुरा, ठाडे /ढाडे, थाक/धाक, फल/भल, गरी/घरी, जार/झार, डव/ढव, दन्न/धन्न,बरबर/भरभर, जस्ता शब्द जोडीको उच्चारण |
| | (औ)लेख्य चिह्न | क) पूर्णविराम<br>ख) प्रश्न चिह्न<br>ग) अल्प विराम<br>घ) उद्गार चिह्न<br>ङ) योजक चिह्न<br>च) कोष्ठक चिह्न |
| | (अं) वर्ण विन्यास | पाठमा प्रयुक्त शब्दहरूमा वर्णविन्यासको उपयुक्त प्रयोग<br>क) ह्रस्वदीर्घ (इ,ई,उ,ऊ)<br>ख) य/ए<br>ग) ब/व<br>घ) श/स/ष<br>ङ) ग्यँ/ज्ञ<br>च) रि/ऋ<br>छ) छ/क्ष<br>ज) ज/ण/न<br>झ) पदयोग र पदवियोग |
| ८. | शब्दभण्डार र उखान टुक्का (पाठमा प्रयुक्त शब्दहरूका साथै उखान र टुक्का समेत) | क) पर्यायवाची<br>ख) विपरीतार्थी<br>ग) अनेकार्थी<br>घ) पारिभाषिक र प्राविधिक<br>ङ) अनुकरणत्मक |

## परिशिष्ट (ख)

# श्री कुशादेवी उच्च माध्यमिक विद्यालय

## कुशादेवी–७, काभ्रे

कक्षाः७ विषय : नेपाली पूर्णाङ्क : २० समय : ४० मिनेट

उत्तिर्णाङ्क : ८

### वस्तुगत प्रश्न

स्नातकोत्तर तह, द्वितीय वर्षको शोधकार्यको प्रयोजन पूर्तिका लागि २०७१ सालमा श्री कुशादेवी उच्च माध्यमिक विद्यालय, कुशादेवी-७ काभ्रेपलाञ्चोकको कक्षा सातमा अध्ययनरत छात्रछात्राका लागि कक्षा सातको स्तर सुहाउँदो साहित्यका चार विधा कविता, कथा , प्रबन्ध र जीवनी पठन पाठन गरी स्तर अनुकुल छ /छैन परीक्षण गर्न सोधिएको वस्तुगत प्रश्न ।

१. उस्तै अर्थ आउने शब्द दिइएका छन् समूह ‘क’ सँग मिल्ने शब्द पहिचान गरी समूह ‘ख’ सँग मिलाऊ । ५

| समूह ‘क’ | समूह ‘ख’ |
|---|---|
| अमृत | वृक्ष |
| ईश्वर | पूँजी |
| रूख | सुधा |
| धन | समीर |
| हावा | भगवान |

२. कोष्ठकमा राखिएका ठिक शब्द छानी तलका वाक्यको खाली ठाउँ भर । ५

(क) वातावरणीय ह्रासबाट जीवन नै ....................मा पर्छ । (अपाङ्ग, सङ्कट, सुरक्षा)

(ख) विश्वमा पहिला पहिला ................ भएका देशहरू आज हराभरा भएका छन् । (मरूभूमि, वनविनास,तस्करी)

(ग) वनजङ्गलको फँडानी गर्नाले बन्यजन्तुहरू.......................हुन सक्छन् । (संरक्षण, विस्थापित, सुरक्षित)

(घ) खेतीयोग्य जमिनलाई................राख्नु पर्छ । (उजाड,उर्वर,हराभरा)

(ङ) भाइ.................. किताब हरायो । (लाई,मा, को )

३. तलका वाक्यहरू पढी सत्य भए ठिक (√) र असत्य भए बेठिक (X) चिह्न लगाऊ। ५

(क) पानीको स्रोत बचाउन बिरुवा रोप्नु पर्छ। ( )

(ख) दुषित वातावरणले हामीलाई असर गर्दैन। ( )

(ग) वनविनाशवाट वातावरणमा सन्तुलन कायम हुन्छ। ( )

(घ) वनविनाशलाई रोक्न उर्जाको वैकल्पिक बाटो रोज्नु पर्छ। ( )

(ङ) वनविनाशका कारण मरुभूमीकरणको समस्या पैदा हुन्छ। ( )

४. तल दिइएका उत्तरहरूवाट ठिक उत्तर छानी रेजा (√)चिह्न लगाऊ। ५

क) श्रीकृष्ण र सुदामाका गुरु को थिए ?

अ) द्रोणाचार्य आ) धौम्य इ) सन्दिपनी

ख) धेरै वर्षा हुनुलाई के भनिन्छ ?

अ)अतिवृष्टि आ) अल्पवृष्टि इ) अनावृष्टि

ग) तल दिइएका शब्दको शुद्ध रूप कुन हो ?

अ) अभिलाषा आ)अभिलाशा इ) अभिलासा

घ) वन विनाशको मुख्य कारण के हो ?

अ)अतिवृष्टि आ) फँडानी इ) वृक्षारोपणको अभाव

ङ) 'सरिताले चिठी लेखिन्' यो वाक्य कुन कालको उदाहरण हो ?

अ)वर्तमान काल आ)भूतकाल इ) भविष्यत्काल

## श्री कुशादेवी उच्च माध्यमिक विद्यालय

### कुशादेवी-७, काभ्रे

कक्षा:७ विषय : नेपाली          पूर्णाङ्क : २०          समय : २० मिनेट

उत्तिर्णाङ्क : ८

**विषयगत प्रश्न**

स्नातकोत्तर तह, द्वितीय वर्षको शोधकार्यको प्रयोजन पूर्तिका लागि २०७१ सालमा श्री कुशादेवी उच्च माध्यमिक विद्यालय, कुशादेवी-७ काभ्रेपलाञ्चोकको कक्षा सातमा अध्ययनरत छात्रछात्राका  लागि कक्षा सातको स्तर सुहाउँदो साहित्यका चार विधा कविता, कथा , प्रबन्ध र जीवनी पठन पाठन गरी स्तर अनुकुल छ /छैन परीक्षण गर्न सोधिएको विषयगत  प्रश्न ।

क)  तलका सबै प्रश्नहरू अनिवार्य छन् ।          ४X ५ =२०

१.  'पहाडी साँझ' कविताको मुख्य भाव के हो ?

२.  सुदामा दिनप्रतिदिन किन दरिद्र बन्दै गएका थिए ?

३.  वनविनाश रोक्न के-कस्ता उपायहरू अपनाउन सकिन्छ ?

४.  साहित्यकार पारिजातले के-कसरी आफ्नो प्रतिभाको परिचय दिइन् ?

## परिशिष्ट (ग)

## श्री कुशादेवी उच्च माध्यमिक विद्यालय, कुशादेवी–७, काभ्रे

स्नातकोत्तर तह, द्वितीय वर्षको शोधकार्यको प्रयोजनपूर्तिका लागि २०७१ सालमा श्री कुशादेवी उच्च माध्यमिक विद्यालय, कुशादेवी-७, काभ्रेपलाञ्चोकको कक्षा सातमा अध्ययनरत छात्रछात्राका लागि स्तर सुहाउँदो साहित्यका चार विधा कविता, कथा, प्रबन्ध र जीवनी पठनपाठन गरी स्तर अनुकूल छ/छैन परीक्षण गरी अङ्कन गरिएको विवरण

| क्र.सं. | परीक्षार्थीको नाम | प्राप्ताङ्क | | | छात्र | छात्रा |
|---|---|---|---|---|---|---|
| | | वस्तुगत | विषयगत | जम्मा | | |
| | | पूर्णाङ्क : २० उत्तीर्णाङ्क : ८ | पूर्णाङ्क : २० उत्तीर्णाङ्क : ८ | जम्मा पू : ४० उत्ती. : १६ | | |
| १. | एलेन सापकोटा | १६ | १४ | ३० | ३० | – |
| २. | निरुता तामाङ | १७ | १० | २७ | – | २७ |
| ३. | क्षितिज सापकोटा | १७ | ८ | २५ | २५ | – |
| ४. | सागर गौतम | १६ | १२ | २८ | २८ | – |
| ५. | नविना हुमागाई | १७ | १४ | ३१ | – | ३१ |
| ६. | सीमा भुजेल | १७ | ८ | २५ | – | २५ |
| ७. | निरुता सापकोटा | १८ | १८ | ३६ | – | ३६ |
| ८. | राधिका के.सी. | १८ | ८ | २६ | – | २६ |
| ९. | रेजिना गेलाल | १५ | १५ | ३० | – | ३० |
| १०. | दिपिका सापकोटा | १६ | १२ | २८ | – | २८ |
| ११. | सलिना घिमिरे | १३ | ९ | २२ | – | २२ |
| १२. | प्राप्ति थापा | १८ | १८ | ३६ | – | ३६ |
| १३. | रूपा घिमिरे | १२ | १० | २२ | – | २२ |
| १४. | अस्मिता थापा | १९ | १८ | ३७ | – | ३७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५. | दिपिका अधिकारी | १८ | ९ | २७ | – | २७ |
| १६. | निकेश घिमिरे | १८ | ११ | २९ | २९ | – |
| १७. | अनुदीप सापकोटा | १८ | १२ | ३० | ३० | – |
| १८. | सचिन अधिकारी | १७ | ९ | २६ | ३६ | – |
| १९. | सेवन्त सापकोटा | १६ | ८ | २४ | २४ | – |
| २०. | अभिषेक सापकोटा | १४ | १० | २४ | २४ | – |
| २१. | विकास आचार्य | १७ | १४ | ३१ | ३१ | – |
| २२. | सविन सापकोटा | १६ | १३ | २९ | २९ | – |
| २३. | रविन चापागाईं | १२ | १० | २२ | २२ | – |

विद्यालय कोड: २४०६०४५००५

# श्री कुशादेवी उच्च माध्यमिक विद्यालय
# SHREE KUSHADEVI HIGHER SECONDARY SCHOOL

कुशादेवी, काभ्रे
Kushadevi, Kavre
स्थापित: २०१६ (Estd.: 2016)

पत्र संख्या: २०६९/७०
चलानी नं.: ३०

मिति (Date): २०६९/०८/२५

विषय (Subject): जानकारी गराइएको बारे।

श्री त्रिभुवन विश्वविद्यालय
शिक्षा शास्त्र केन्द्रीय विभाग
नेपाली भाषा शिक्षा विभाग
काठमाडौं

उपरोक्त विषय सम्बन्धमा त्यस क्याम्पस बाट "कक्षा ८ को नेपाली पाठ्यपुस्तकको नमुना पाठ निर्माण" को लागि खटाइएको शोधार्थी श्री धर्मानन्द पन्त लाई विद्यालयका तर्फबाट आवश्यक सूचना तथा सामाग्रीहरु संकलन गर्न का लागि आवश्यक सहयोग पुर्‍याइएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

(रमेश पौड्याल)
प्रधानाध्यापक